जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम



फुलवारी लिला
स्थान:
विवाह मण्डप

वर्ष २६ • अंक १८६ • २०८१ साल मंसिर १७ गते सोमबार (2 December, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सईको हत्या, प्रहरीको भूमिका शंकास्पद

**टुडे समाचारदाता**



लहान । सशस्त्र प्रहरी बलका सई (प्रहरी सहायक निरीक्षक) लक्ष्मणप्रसाद यादवलाई तस्करहरुले हत्या गरेको छ। अवैध मदिरा लिएर भारत तर्फ जान लागेको सुचना पाएर ५ जनाको टोलीसहित यादव घटनास्थलमा पुगेका थिए। अवैध मदिरा बोकेको स्कोरपियोले ठक्कर दिएको थियो।

घटना प्रकृति अनुसार सई यादवको नियोजित रुपमा हत्या गरिएको देखिन्छ। सई यादवसँगै रहेका अन्य प्रहरीले स्कोरपियोलाई रोक्ने अथवा त्यसको नम्बर लगायतका पहिचान समेत गर्न आवश्यक महसुस गरेको देखिएन।

बिहान करिब सवा तीन बजे तस्करीको गाडी रोक्न पुगेका सशस्त्रको टोलीका सईको हत्या हुँदा गाडीको पहिचान समेत गर्न नसक्नु शंकास्पद रहेको एकजना पूर्व प्रहरी अधिकृतले बताए।

सिरहाको बरियापट्टी गाउँपालिका-१ स्थित कचनारी छोट्की टोलस्थित सीमा इलाका बोर्डर आउट पोस्ट (बीओपी) बाट सई यादवको कमाण्डमा गस्ती टोली खटिएको थियो। सो बीओपी प्रस्तावित सीमा सुरक्षा गुल्म इनर्वा मातहत पर्छ।

स्कर्पियोको ठक्करबाट गम्भीर घाइते भएका सई यादवलाई नेपाल रेडक्रस सोसाइटी कचनारी उपशाखाको एम्बुलेन्समा राखी ३:४५ बजे प्रादेशिक अस्पताल लहान पुर्‍याइएको थियो। अस्पताल पुर्‍याएको १५ मिनेटपछि ४ बजे नै सई यादवको मृत्यु भएको सहप्रवक्ता थापाले बताए।

घटना भएपछि उक्त स्थानमा नं. ७ गणबाट १७ जनाको सशस्त्र प्रहरीको टोली खटिएको थियो। ४८ वर्षीय सई यादवको सिरहा जिल्लाकै नरहा गाउँपालिका-४ ललभितियामा घर रहेको छ।

प्रहरीले अनुसन्धानको क्रममा २ जनालाई नियन्त्रणमा लिएको बताए पनि स्कोरपियो भारत तर्फ भागेको र त्यसको नम्बर लगायतको पहिचान हुन नसकेको बताएको छ।

### उपनिर्वाचनमा शान्तिपूर्ण मतदान

## मधेश प्रदेशको सबै वडामा मतगणनाको प्रक्रिया प्रारम्भ

**टुडे समाचारदाता**

जनकपुरधाम । उपनिर्वाचनमा शान्तिपूर्ण ढंगले मतदान सम्पन्न भएको छ। मतदान सम्पन्न भएर मतपेटिका संकलन भइसकेको र रातिदेखि नै मतगणना शुरु भएको निर्वाचन आयोगले जनाएको छ। सरदर ६२ प्रतिशत मतदान भएको आयोगले जनाएको छ।

मधेश प्रदेशको ४ वटा जिल्लाको ७ वटा वडामा भएको मतदानमा सरदर ७० प्रतिशत मतदान भएको जनाइएको छ। निर्वाचन कार्यालयहरुबाट प्राप्त विवरण अनुसार सप्तरी जिल्लाको डाक्नेश्वरी नगरपालिकाको २ वटा वडामा ७०.०२ प्रतिशत मतदान भएको छ। धनुषाको धनुषाधाम नगरपालिका एउटा वडामा ६९.९९ प्रतिशत मतदान र महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाको एउटा वडामा ७०.७१ प्रतिशत मतदान भएको छ। त्यसैगरि रौतहट जिल्लाको इशनाथ नगरपालिका, राजपुर नगरपालिका र गढीमाई नगरपालिकाको गरी ३ वटा वडामा ७० प्रतिशतभन्दा बढी मतदान भएको छ।

रौतहटको तीन पालिकाको उपनिर्वाचनमा शान्तिपुर्ण मतदान सम्पन्न भएको छ। विहान ७ बजेदेखि सुरु भएको मतदान रौतहटको इशनाथ नगरपालिकाको वडा नम्वर ७ मा ६९.०८ प्रतिशत, राजपुर नगरपालिका वडा नम्वर ६ मा ६९.३६ प्रतिशत र गढीमाई नगरपालिका वडा नम्वर ८ मा ८१.३२ प्रतिशत मत खसेको जिल्ला निर्वाचन अधिकृतको कार्यालय रौतहटले जनाएकोछ। ३ पालिकामा रिक्त रहेका पदका लागि आईतवार उपनिर्वाचनमा ७३.३८ प्रतिशत मत खसेको छ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख छोटेलाल दासले मतगणना स्थलमा दायाँबाँया हुन नदिन सिसि टिभी क्यामरा जडान गरी परिक्षण समेत गरिएको बताउँदै रातीबाट नै गणना गरिने जनाए।



मतगणना स्थल वरिपरी सुरक्षाकर्मीहरुको बाक्लो उपस्थिति रहने बताउँदै उक्त कार्यका लागि प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी रेखदेखमा लागेका छन्।

त्यस्तै धनुषाधाम नगरपालिकाको वडा नम्बर १ मा ६९.९९ प्रतिशत मतदान भएको मुख्य निर्वाचन कार्यालय धनुषाधामले जनाएको छ।

मुख्य निर्वाचन अधिकृत चुडामणि खड्काका अनुसार ७ बजेदेखि ५ बजेसम्म चलेको मतदान प्रक्रियामा २ हजार २ सय ५८ जनाले मतदान गरेका छन्।

धनुषाधाम नगरपालिका वडा नम्बर १ मा कुल ३ हजार २ सय २६ मतदाताको रहेको थियो। मतदानको लागि ३ वटा मतदान केन्द्र तोकिएको थियो। त्यस्तै महोत्तरीको रामगोपालपुर नगरपालिका- २ उपनिर्वाचनमा पनि मतदान शान्तिपूर्ण सम्पन्न भएको छ। १ हजार ५ सय १४ ले मतदान गरेको निर्वाचन कार्यालयले जनाएकोछ।

रामगोपालपुर नगरपालिका वडा नम्बर २ मा रिक्त रहेको वडाअध्यक्ष पदको लागि साँझ ५ बजेसम्म जम्मा १ हजार ५ सय १४ मत खसेको मुख्य निर्वाचन अधिकृत राजकुमार कोइरालाले जनाए।

सो वडामा एउटै मतदानस्थल रहेको श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय मोहनपुरमा दुई मतदान केन्द्र राखिएको थियो। वडामा कुल २ हजार १ सय ४१ मतदाता रहेकोमा ९ सय ४० महिला र १ हजार २ सय १ पुरुष मतदाता थिए।

त्यस्तै सप्तरीको डाक्नेश्वरी नगरपालिकामा ७०.०२ प्रतिशत मतदान भएको छ। सप्तरीको डाक्नेश्वरी नगरपालिकाको वडा नं.१ र ४ मा अध्यक्ष पदको लागि भएको निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

डाक्नेश्वरी नगरपालिका १ मा १ हजार २ सय ५९ जनाले मतदान गरे। वडामा २ हजार ६ सय २३ जना मतदाता रहेका थिए।

त्यस्तै डाक्नेश्वरी नगरपालिकाको वडा नम्बर ४ मा ९ सय ७८ मतदान भएको छ। सो वडामा १ हजार ३ सय १९ जना मतदाता रहेका थिए।


मधेश प्रदेशको सबै वडामा राति नै मतगणना गरी सोमबार बिहानसम्ममा नतिजा सार्वजनिक हुने बताइएको छ।

अधिकांश वडामा सत्तारुढ दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रबीच प्रतिष्पर्धा रहेको छ। तर केही वडामा जसपा नेपाल पनि प्रतिस्पर्धामा छ।

रौतहट जिल्लाको गढीमाई नगरपालिकामा सर्वाधिक मतदान भएको छ। सो वडामा काँग्रेस मधेश प्रदेशका सभापति समेत रहेका पूर्व मन्त्री कृष्णा यादवको घर रहेको छ।काँग्रेस, एमाले र जसपा नेपालबीच कडा प्रतिष्पर्धा हुने बताइएको छ।

त्यसैगरि महोत्तरी जिल्लाको रामगोपालपुर नपाको वडा नम्बर २ मा नेपाली काँग्रेस, एमाले र माओवादी केन्द्रबीच प्रतिष्पर्धा हुने अनुमान गरिएको छ। माओवादीले जितेको सो वडामा नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता एवं भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवको घर रहेको छ। विगतमा माओवादी र एमालेबाट संयुक्त उम्मेदवार रहेको थियो।



## विश्व एड्स दिवस :

# सङ्क्रमित भन्छन्, “नियमित औषधि सेवन गरे सक्रिय जीवन बाँच्न सकिन्छ”

काठमाण्डु। आफू एचआइभी सङ्क्रमित भएको थाहा पाउँदा धरानका खगेन्द्र खड्कालाई संसारै अन्धकार लागेको थियो। एकातिर परिवार र समाजले के भन्ला भन्ने भय, अर्कोतिर अब धेरै बाँचिदैन भन्ने डर। लागुऔषध प्रयोग गर्ने क्रममा २६ वर्षअघि उहाँमा एचआइभी देखिएको थियो।

सङ्क्रमण पुष्टि भएको पाँच वर्षसम्म पनि उहाँ लागुऔषधबाट मुक्त हुन सक्नुभएन। २०६३ सालमा एक पुनःस्थापना केन्द्रको सहयोगमा उहाँ दुर्व्यसनीबाट मुक्त हुनुभयो। त्यसयता खड्का विभिन्न सामाजिक संस्थामा आबद्ध भइ सङ्क्रमितका हितमा वकालत तथा परामर्श दिँदै आउनुभएको छ। एचआइभी सङ्क्रमण भएकै कारण विभेद र लाञ्छना भोग्नुपरेको सङ्क्रमित सँग धेरै अनुभव छन्।

२३ वर्ष अघि खड्काको एक दुर्घटनामा हात भाँचिएको थियो। उहाँ उपचारका लागि अस्पताल पुग्दा रिपार्टमा सङ्क्रमित भएको थाहा पाएपछि स्वास्थ्यकर्मीले ‘प्लाष्टर’ गर्नुपर्नेमा ‘ब्यान्डेज’ मात्र गरेर पठाइदिएका थिए। जसले गर्दा उहाँको एउटा हात अझै राम्रो अवस्थामा छैन। खड्का एचआइभी सङ्क्रमितप्रतिको दृष्टिकोण पहिले र अहिलेमा आकाश जमिनको फरक रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “मलाई सङ्क्रमण पुष्टि भएको त्यो समय र अहिले फरक छ। समाजमा लाञ्छना भोगिरहेका होलान् तर पहिले भन्दा निकै कम छ।” उहाँकाअनुसार नियमित औषधि सेवन, स्वस्थ्य जीवनयापन तथा पौष्टिक आहारले एचआइभी सङ्क्रमित सक्रिय जीवन बाँच्न सक्छन्। उहाँ भन्नुहुन्छ, “एड्सबाट सुरक्षित रहन परिवार तथा समाजलाई सजग गराएको छु। सबैले सुरक्षित व्यवहार गर्नुपर्छ। मेरी श्रीमती र दुई जना बच्चा छन्। उनीहरु कसैमा पनि सङ्क्रमण छैन।”




राष्ट्रिय एचआइभी तथा एड्स महासङ्घ नेपालका अध्यक्षसमेत रहनुभएका उहाँले सकारात्मक सोचले नै जीवन बाँच्ने ऊर्जा प्रदान गर्ने बताउनुभयो। सङ्घले सङ्क्रमितको जीवन राम्रो बनाउने, जोखिमपूर्ण समुदायको परीक्षणद्वारा पहिचान गराउने र थप जोखिमबाट बचाउने काम गरिरहेको छ।

२६ वर्षीया यशोदा तिमिल्सिना एचआइभी सङ्क्रमण पुष्टि भएपछि आफू जस्तै थुप्रै सङ्क्रमितलाई यसबारे पैरवी र परामर्श दिँदै आउनुभएको छ। उहाँको सुझाव छ,“पहिले यो रोगलाई प्राणघातकको रुपमा लिइन्थ्यो। अहिले त्यस्तो अवस्था छैन। सङ्क्रमण हुने वित्तिकै डराउनु र आत्तिनु पर्दैन किनकी लामो जीवनयापन गर्न औषधि उपलब्ध छन्।” राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको पछिल्लो तथ्याङ्कअनुसार सन् २०२३ को अन्त्यसम्म नेपालमा ३० हजार तीन सय व्यक्तिमा एचआइभी सङ्क्रमण भएको अनुमान छ।

सन् २०२३ मा चार सय ५७ व्यक्तिमा एचआइभीको नयाँ सङ्क्रमण भएको अनुमान गरिएको छ। सन् २०२३ मा मात्रै दुई सय २१ व्यक्तिको एड्सका कारण मृत्यु भएको अनुमान गरिएको छ। नेपालमा एचआइभी सङ्क्रमणको उच्च जोखिममा सूईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मी, जेलमा रहेका कैदी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशिनेहरु छन्। यीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिङ्गी यौनकर्मीमा सङ्क्रमण दर अरु जोखिम समूह भन्दा उच्च छ।रासस

## स्थानीय तह उपनिर्वाचन :


# करिब ६२ प्रतिशत मतदान

काठमाण्डु। स्थानीय तहमा रिक्त विभिन्न ४१ पदका लागि आइतबार भएको निर्वाचनमा करिब ६२ प्रतिशत मत खसेको छ।

उपनिर्वाचन भएका स्थानीय तह तथा वडाको अन्तिम मतदाता नामावलीमा दुई लाख २६ हजार सात सय ९९ मतदाता रहेकामा हालसम्मको प्राप्त विवरणअनुसार करिब ६२ प्रतिशत मतदान भएको निर्वाचन आयोगका प्रवक्ता नीता पोखेल अर्यालले जानकारी दिनुभयो।

उपनिर्वाचनमा नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ पदका लागि आइतबार मतदान भएको हो।

उपनिर्वाचन प्रयोजनका लागि २५ राजनीतिक दल दर्ता भएकामा २० राजनीतिक दलका



तर्फबाट उम्मेदवारी परेको थियो। बिहान ७ बजेदेखि सुरु भएको निर्वाचन अपराह्न ५ बजेसम्म सबै निर्वाचनस्थल केन्द्रमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको आयोगले जनाएको छ।

यो उपनिर्वाचनमा विभिन्न २० राजनीतिक दल र स्वतन्त्र गरी तीन सय ७६ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ। मतपेटिका सुरक्षित रूपमा सङ्कलन भएपछि मतगणना प्रारम्भ गर्न निर्देशन दिइएको आयोगले जनाएको छ।

निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गराउने कार्यमा सहयोग, समन्वय र सहकार्यका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहसहित सबैलाई आयोगले आभारसहित धन्यवाद ज्ञापन गरेको छ। रासस

# कृषि विश्वविद्यालयले प्रदर्शनी तथा किसान मेला गर्ने

चितवन। कृषि तथा वन विज्ञान विश्वविद्यालयको आयोजनामा कृषि प्रदर्शनी तथा किसान मेला हुने भएको छ। विसं २०७६ मा पहिलो पटक मेला आयोजना गरेको विश्वविद्यालयले पाँच वर्षपछि दोस्रो संस्करण सुरु गर्न लागेको हो।

मेला आयोजक समारोह समतिका संयोजक एवं विश्वविद्यालयका अनुसन्धान




तथा प्रसार निर्देशनालयका निर्देशक डा ऋषिराम कट्टेलका अनुसार यही मङ्सिर २९ गतेदेखि आगामी पुस ३ गतेसम्म मेलाको आयोजना गर्न लागिएको हो। विश्वविद्यालयले आज यहाँ पत्रकार सम्मेलनको आयोजना गरी मेलाका बारेमा जानकारी गराएको हो। किसानको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गर्न लागिएको मेलामा १३५ कक्ष रहने छन्।

कट्टेलका अनुसार विश्वविद्यालयको कृषि सङ्कायको परिसरमा हुने मेलामा कृषि प्रविधि, नवप्रवर्तन तथा अनुसन्धानका विषयमा समेत छलफल हुनेछ। यहाँ किसानलाई आवश्यक पर्ने नयाँ प्रविधिको प्रदर्शनी किसानले अवलम्बन गरेका प्रविधि, सीप तथा ज्ञानको विषयमासमेत छलफल हुने उहाँले बताउनुभयो।कार्यक्रम अवधिभर कृषि क्षेत्रको नीतिगत बहस, कृषि रुपान्तरणका विषयमा कृषि उद्यमी तथा सरोकारवालासँग छलफल, दिगो पशुपालन भेटेरीनरी सेवा तथा मानव-वन्यजन्तु द्वन्द्वव्यवस्थापन लगायतका विषयमा समूहगत छलफल हुने कट्टेलले जानकारी दिनुभयो।

मेलाबाट १० हजारभन्दा बढी किसानले लाभ लिने अपेक्षा गरिएको उहाँले बताउनुभयो। मेला किसान, विद्यार्थी र अनुसन्धानकर्ताबीच छलफल तथा कृषि क्षेत्रमा देखिएका समस्याको समाधानका लागि कोशेढुङ्गा बन्ने उहाँको विश्वास छ। विश्वविद्यालयका निमित्त उपकुलपति प्राडा अर्जुनकुमार श्रेष्ठले मेला अवधिमा विश्वविद्यालयबाट अध्ययन गरी गएका र रामपुर क्याम्पस हुँदा उत्तीर्ण उद्यमशीलतामा लागेका विद्यार्थीलाई सम्मान गर्ने कार्यक्रमसमेत रहेको छ।

उहाँले भन्नुभयो, “सबै विद्यार्थी हाम्रा लागि समान हुन्, सबैलाई सम्मान गर्ने छौं।” उद्यममा लागेकाबीच मूल्याङ्कन गरी तीन जनालाई पुरस्कृतसमेत गर्ने कार्यक्रम रहेको छ। विगतमा सुरुवात गरिएको मेला कोरोना लगायतका कारणले स्थगित भएको जनाउँदै उहाँले यस कार्यक्रमलाई अब हरेक दुई/दुई वर्षमा गरिने बताउनुभयो।रासस

# फाउण्डेशनद्वारा चुल्होसहित सिलिण्डर वितरण




**टुडे समाचारदाता**

जनकपुरधाम। महोत्तरीको मनरा शिस्वा नगरपालिकामा सुशिला ठाकुर मेमोरियल हेल्थ फाउण्डेशन धनुषको आयोजनामा सयौं थान चुल्होसहित एलपीजी ग्यास सिलिण्डर वितरण गरिएको छ।

मनराशिस्वामा आइतबार फाउण्डेशनमा नेपाल-भारत मैत्री कार्यक्रम अन्तर्गत दुई हजार थान एलपीजी ग्यास चुल्हो एवं सिलिण्डर वितरण गरिएको छ।

सो वितरण कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारीलगायतकाहरुको उपस्थितिमा वितरण भएको थियो।

# एनसेल बन्यो लुम्बिनी लायन्सको मुख्य प्रायोजक

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल प्रिमियर लिग (एनपिएल)का लागि लुम्बिनी लायन्स क्लबले आफ्नो मुख्य प्रायोजकको रूपमा एनसेलसँग सम्झौता गरेको हो।

हिल्टन काठमाडौंमा आइतबार आयोजित एक कार्यक्रममा लुम्बिनी लायन्सले आफ्नो मुख्य प्रायोजक सार्वजनिक गरेको हो। उक्त कार्यक्रममा लायन्सका ब्राण्ड एम्बेसडर राजेश हमाल, कप्तान रोहित पौडेल, बेलायतका क्रिकेटर टम मुर्स लगायत अन्य अन्तर्राष्ट्रिय खेलाडीहरू पनि उपस्थित रहेका थिए।

कार्यक्रममा मुख्य प्रायोजन सम्बन्धमा लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसी र एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक




जाब्बोर कायुमोभले हस्ताक्षर गरेका छन्।साथै कार्यक्रममा लुम्बिनी लायन्सले एनपीएलमा लगाउने जर्सी पनि सार्वजनिक गरिएको थियो।एनपिएलमा लुम्बिनी लायन्सको पहिलो खेल बुधबार हुँदैछ। हिजोदेखि शुरु भएको यस एनपिएल पौष ६ गतेसम्म कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय मैदानमा हुँदैछ।

# पर्यटन मन्त्रालयअन्तर्गतका निकायको छपाइ प्रज्ञा छापाखानाबाटै गर्ने निर्णय

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रालयअन्तर्गतका सबै निकायका छपाइसम्बन्धी कार्य अब नेपाल प्रज्ञा प्रतिष्ठानस्थित प्रज्ञा छापाखानाबाट गर्ने निर्णय गरेको छ। मन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा आइतबार बसेको बैठकले मन्त्रालय र अन्तर्गतका निकाय निकायबाट गरिने छपाइसम्बन्धी कार्य प्रज्ञा छापाखानाबाट छपाइ गर्ने निर्णय गरेको हो। बैठकले सो छापाखानाको क्षमताअनुरुप गर्न सकिने छपाइका कामको विवरणसहितको जानकारी र प्रतिष्ठानको छपाइसम्बन्धी कार्यविधि उल्लेखित सबै निकायलाई प्रतिष्ठानले लेखी पठाउने निर्णय गरेको मन्त्री पाण्डेको सचिवालयले जनाएको छ। यो निर्णयसँगै हाल कुल सञ्चालन क्षमताको १५ प्रतिशत मात्र काम गरिरहेको छापाखाना पूर्णक्षमतामा सञ्चालनमा आउने छ भने वार्षिक रूपमा रु १२ करोड बढीको छपाइ प्रज्ञा छापाखानाबाटै हुनेछ भने यसले राज्यको रु तीनदेखि चार करोड जोगिने बताइएको छ।

केही समय पहिले संस्कृतिमन्त्री पाण्डेले प्रज्ञा प्रतिष्ठानको भ्रमणका क्रममा त्यहाँको छापाखानालाई पूर्ण रूपमा सञ्चालनमा ल्याई आय बढाउने विषयमा प्राज्ञसँग छलफल गर्नुभएको थियो।रासस

# छुट्टाछुट्टै ठाउँमा आगलागी हुँदा १९ लाख बढीको क्षति

भद्रपुर।जिल्लाका तीन छुट्टाछुट्टै ठाउँमा गए राति आगलागी हुँदा रु १९ लाख ६० हजारभन्दा बढीको क्षति भएको छ।

दमक नगरपालिका-१ का शिव राईको घरको भुइँतलामा रहेको किराना कस्मेटिक र खाद्यान्न पसलमा विद्युत् सट भई आगलागी हुँदा पसलमा रहेका सम्पूर्ण सामान जलेर नष्ट भएका छन्। आगलागीबाट १५ लाखभन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ।

गए राति नै झापा गाउँपालिका-७ रमितेटोलका लुखी हस्दाको घरमा विद्युत लाइन सट भई आगलागी हुँदा टिनको छानो र बाँसको टाटीले बनेको तीनकोठे घर र सामान जलेर पूर्ण रूपमा क्षति पुगेको छ। उक्त घर नजिकै रहेको ग्वाली कोठामा क्षति पुग्दा रु दुई लाख ५० हजार



बढीको क्षति भएको प्रहरीले जनाएको छ।

त्यसैगरी, अर्जुनधारा नगरपालिका-११ सालबारीस्थित भूमिनाथ बराल र अमर राउतले एक बिघा जमिनको धान काटिराखेका कुनिउमा आगलागी भएको छ। यसरी अचानक आगलागी हुँदा धान र कुनिउ जल्दा रु दुई लाख १० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिनुभयो।

प्रनाउ चन्दका अनुसार आगलागी भएका तीनवटै ठाउँको आगो स्थानीय तहका दमकल, स्थानीय मानिस र प्रहरीको सहयोगमा निभाइएको छ। आगलागी सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको उहाँले बताउनुभयो।रासस


## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन/ट्रान्सक्रिप्ट घरबाट जनकपुर जाने क्रममा मिति २०८१।८।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : मो. फहिम राईन**
**रजिष्ट्रेशन नं.: HA-०१११९-०१६**
**माइग्रेशन जारी नं.: ०३-०००९२५**
**ठेगानाः सबैला न.पा.-५, मखनाहा**
**मो.नं.९८१९६६०३७१**


## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथुन | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवारिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लव) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको जानकी मन्दिरमा दर्शन गर्नका लागि मन्दिर प्राङ्गणमा आइतबार देखिएको लामबद्ध भक्तजन । तस्विरः रासस

# भूमिगत जलस्रोत कार्यालय प्रमुखविहीन हुँदा किसान मारमा



बरहथवा ।बागमती नगरपालिका-११ कर्मैयास्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय प्रमुखविहीन भएपछि यहाँका उपभोक्ता मारमा परेका छन् ।

सर्लाही र रौतहट कार्यक्षेत्र रहेको उक्त कार्यालयका प्रमुख जयप्रकाश साह अनिवार्य अवकाशमा गएपछि कार्यालयले नयाँ कार्यालय प्रमुख नपाउँदा उपभोक्ता मारमा परेका हुन् । उक्त कार्यालयले दुई जिल्लाका उत्तरी चुरे क्षेत्र तथा सिँचाइ सुविधा नपुगेका स्थानका किसानका लागि सिँचाइ विकासको योजना सञ्चालन गर्दै आएको थियो । तर, कार्यालय प्रमुख नहुँदा आफूहरू मारमा परेको हरिवन नगरपालिका-७ स्थित मनोकामना जल उपभोक्ता समितिका अध्यक्ष अशोक साहले गुनासो गर्नुभयो ।

"अघिल्लो आर्थिक वर्षमा नै सिँचाइ गर्न डिपबोरिङको काम गरेका थियौँ", उहाँले भन्नुभयो, "योजना सम्पन्न भइसक्यो, किसानले पैसा उठाएर राखेको धरौटी छ महिना बितिसक्दा पनि फिर्ता भएको छैन । गाउँका उपभोक्ता मारमा छन् ।"

रौतहटको यमुनामाई नगरपालिकास्थित सरुअठा जल उपभोक्ता समूहका अध्यक्ष आशुतोष यादवको पनि समस्या उस्तै छ । "गत आर्थिक वर्षमा काम गर्न समूहले जम्मा गरेको पैसा अझै फिर्ता भएको छैन", उहाँले भन्नुभयो, "चालू आवमा पनि सिँचाइको काम गर्न पाए खेतीबाली गर्न पाइने आश छ । तर, कार्यालय प्रमुख नहुँदा यहाँ न पुरानो योजनाका काम हुन्छन्, न नयाँ नै ।"

उक्त कार्यालयले किसानलाई भूमिगत पानीलाई डिपबोरिङ, पावर ड्रिल र स्यालो ट्यूबवेलबाट पानी निकालेर सिँचाइ सुविधा प्रदान गर्दै आएको छ । हालसम्म भूमिगत सिँचाइ योजनाबाट सर्लाही र रौतहटमा गरी तीन हजार पाँच सय बिघा खेतमा सिँचाइ सुविधा पुगिसकेको कार्यालयले जनाएको छ ।

कार्यालयले प्रत्येक वर्ष नयाँ जडान, वितरण प्रणाली विस्तार तथा मर्मतसम्भारका लागि योजना ल्याउने गरेको छ । यस वर्ष पनि एक सय ४६ वटा योजना तोकिएर आएको कार्यालयका निमित्त प्रमुख तिर्हराज खरेलले बताउनुभयो । गत वर्ष रु २६ करोड ८० लाखबराबरको एक सय ६३ वटा डिपबोरिङ, पावर ड्रिल र स्यालो ट्यूबवेल जडान, वितरण प्रणाली विकास तथा मर्मतसम्भारको योजना सम्पन्न गरेको थियो ।

कार्यालय प्रमुख सेवानिवृत्त भएको जानकारी सम्बन्धित निकायलाई भएकाले यथाशक्य चाँडो नयाँ कार्यालय प्रमुख आउनेमा आफू विश्वस्त रहेको उहाँले बताउनुभयो ।रासस

# काउन्सिलका पूर्व अध्यक्ष भटराईको श्रद्धाञ्जली सभा हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । मिडिया काउन्सिल मधेश प्रदेशले काउन्सिल मधेश प्रदेशका प्रथम अध्यक्षशिवहरीभटराईकोसोमबार पहिलो वार्षिक श्रद्धाञ्जली मनाउने भएको छ ।

काउन्सिलले स्व.भटराईको दोस्रो वार्षिक पुण्यतिथीको अवसरमा काउन्सिलको विद्यापति चौक स्थितको कार्यालयमा श्रद्धाञ्जली सभा गरिने काउन्सिलका कार्यवाहक अध्यक्ष कैलास दासले जानकारि दिए । पत्रकार महासंघ सप्तरी शाखाका संस्थापक अध्यक्ष समेत रहिचुकेका भटराईको २०७९ मंसिर १७ गते दुखद निधन भएको थियो । इमान्दार र मिजासिलो स्वभावका भटराई महासंघका पूर्व केन्द्रिय उपसभापति समेत रहेका थिए ।

# एघार महिनामा १० लाख ५५ हजार विदेशी पर्यटक भित्रिए



काठमाण्डु । सन् २०२४ को ११ महिनामा १० लाख ५५ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार यस वर्षको जनवरीदेखि नोभेम्बरसम्म हवाई मार्ग भएर १० लाख ५५ हजार पाँच सय ३३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका हुन् ।

उक्त तथ्याङ्क अनुसार सन् २०२४ मा १३ लाख १५ पर्यटक स्वागत गर्ने लक्ष्य हासिल गर्न कठिन हुने देखिएको छ । सन् २०२४ अन्त्य हुन अब एक महिना मात्र बाँकी छ । डिसेम्बरमा करिब ७० हजार पर्यटक आउने बोर्डले अनुमान गरेको छ । यसरी हेर्दा वर्ष २०२४ मा ११ लाख १५ हजार हाराहारी मात्रै पर्यटक भित्रिने देखिन्छ ।

नोभेम्बरमा मात्रै एक लाख १४ हजार पाँच सय एक पर्यटक आएका छन् । यो अघिल्लो वर्ष सन् २०२३ को सोही महिनाको तुलनामा पाँच दशमलव ४० प्रतिशत बढी हो । उक्त वर्षको नोभेम्बरमा एक लाख आठ हजार छ सय ३० पर्यटक भित्रिएका थिए ।

सन् २०१९ को नोभेम्बरमा एक लाख ३० हजार तीन सय तीन विदेशी पर्यटकले नेपाल भ्रमण गरेका बोर्डको तथ्याङ्कमा उल्लेख छ । बोर्डका निर्देशक मणिराज लामिछानेले हालसम्मको पर्यटक आगमन विश्लेषण गर्दा सन् २०२३ को तुलनामा झण्डै १० प्रतिशत मात्रै बढ्ने देखिएको बताउनुभयो । सन् २०२३ मा १० लाख १४ हजार आठ सय ७१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका उहाँले जानकारी दिनुभयो ।

बोर्डले सन् २०२४ मा कोरोना महामारीपूर्व सन् २०१९ मा आएका पर्यटक भन्दा बढी आउने अनुमान गरेको थियो । सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए । एसिया प्यासिफिक क्षेत्रको भन्दा नेपालको पर्यटन पुनरुत्थान माथि रहेको बोर्डका निर्देशक लामिछानेले उल्लेख गर्नुभयो । रासस

# रङरोगन र मङ्गलगानले सजिँदै मटिहानी

महोत्तरी । जिल्लाको धार्मिक नगरी मटिहानी यतिबेला रङगरोगन र मङ्गलगानले सजिएको छ । रामजानकी विवाह महोत्सव (विवाहपञ्चमी) का जन्तीलाई स्वागत गर्न मटिहानीका नागरिक तयारीमा जुटेका छन् । भोलि सोमबार जन्ती अयोध्याबाट जनकपुरधामको मटिहानी आएर रात्रि विश्राम गर्ने तालिका भएसँगै स्थानीय तयारीमा जुटेका हुन् ।

अहिले मटिहानी नगरका पुरातात्विक महत्वका मठ, देवालय, तलाउ परिसर रङरोगन गरिएर झकिझकाउ बनाइएका छन् । मुलुकभरिका मठहरूको नायक मानिने लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर परिसर र रामजानकीको विवाहमा वेदी बनाउन माटो खनिएको विश्वास गरिने लक्ष्मीसागर तलाउ वरपर रङरोगन र सजावटले झकिझकाउ बनेको हो । नगरका चोकचोकमा रामजानकी विवाहको तयारीमा मङ्गलगान गुञ्जीरहेका छन् ।

*'आजु मिथिला सुमङ्गल हे,*
*मङ्गल आजु मिथिला,*
*अति मन भावन हे !*
*आहे, मङ्गल दुलहा-दुलही ना..*
*परम सुहागन हे..!'*

(आज मिथिला खुसी र उत्सवमय छ। आज मिथिला सबैको मनमा बस्ने सुन्दर र सुमधुर बनेको छ । हाम्रा दुलहा-दुलही (श्रीराम र जानकी) कहिल्यै नटुट्ने, नछुट्ने अति सुन्दर जोडी बन्दैछन्) ।यसैगरी यहाँ गुञ्जिएका मङ्गलगानले अघि त्रेतायुगमा भएको रामसीता विवाहको झलक दिने गरेको छ ।

*'मङ्गल मिथिला नगरियामें ,*
*चहुदिस मङ्गल हे,*
*आहे, झुमे न भूसकल जगत,*
*आहे, मगन धरातल हे !'*

(जताततै हर्षबढाइँ छ मिथिलामा । चारैतिर खुशीयाली छ । यो खुसीमा सारा भू-मण्डल आज मस्त छ, पूरै धरातल खुसीले मग्न छ)

यहाँ अहिले गुञ्जिरहेका गीतले रामजानकीको विवाहको झल्को दिने गरेका मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालय (मटिहानी गुरुकूल) का प्रधानाध्यापक ईश्वरी पौडेलले बताउनुभयो । सोमबार मटिहानी आइपुग्ने जन्तीको स्वागतका लागि नगरवासी तयारीमा व्यस्त देखिन्छन् । "मिथिलामा सबै शुभकार्यमा गीतको महत्वपूर्ण स्थान छ । त्यसमा पनि विवाहका प्रत्येक विधिसँग गीत जोडिएका हुन्छन् । अतिथि र जन्ती स्वागतमा पनि मिथिलानी (मिथिलाका नारी) गीतबाट अहोभाव व्यक्त गर्दछन्", उहाँले भन्नुभयो ।

*'करु स्वागत सब हिलीमिली हे,*
*पाहुन ऐला आँगन !*
*धन्य भेलै मोरा गामके,*
*आजु नैन जुरागेलै हे !!'*

(सबै जना मिलेर स्वागत गरौँ आज आँगनमा पाहुना आउनुभएको छ । आज धन्य भयो हाम्रो नगर, तपाईंहरूलाई यो आँखाले देख्न पाएको छ)

मटिहानीमा सोमबार आउने जन्तीको स्वागत, खानपान र आवासलगायत सुविधाको उचित व्यवस्थापन गर्न नगरवासी सक्रियताका साथ थयारमिा व्यस्त छन् । "हाम्रो संस्कार र संस्कृतिमा अतिथिलाई अहोभावबाट स्वागत गर्ने परम्परा छ, त्यसमा पनि मर्यादा पुरूस्वत्तम श्रीरामको जन्ती आउने शुभ अवसरमा स्वागत गर्न पाएका छौँ, हामी जन्तीको स्वागतका लागि आतुर छौँ", मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले भन्नुभयो, "अतिथिलाई स्वागत गर्नु हाम्रो विशिष्ट र स्थापित संस्कृति हो ।"




मटिहानीमा अहिले जन्ती प्रवेश गर्ने नेपालतर्फको प्रवेशद्वारदेखि स्वागत तोरण सजाइएका छन् । श्रीराम र जानकीको विवाहका जन्ती मिथिला क्षेत्रका अतिविशिष्ट अतिथि हुने भएकाले उहाँहरूको स्वागत, खानपान र आवासमा कुनै त्रुटि नदेखियोस् भनेर तयारीलाई तीव्र र व्यवस्थित पारिएको नगरप्रमुख मण्डलले बताउनुभयो ।

रामजानकी विवाह महोत्सवका लागि प्रत्येक पाँच/पाँच वर्षमा साजसज्जाका साथ अयोध्याबाट जन्ती आउने परम्परा रहेको लक्ष्मीनारायण मठका सन्त डा रवीन्द्रदास वैष्णले बताउनुभयो । यस वर्ष उक्त अवसर परेकाले यहाँ उत्सव र छाएको उहाँको भनाइ छ ।

मटिहानीमा एक दिनको विश्रामपछि जन्ती जलेश्वर र पिपरा हुँदै जनकपुर प्रस्थान गर्ने चलन रहेको मठका सन्त डा वैष्णले जानकारी दिनुभयो । यसअनुसार महोत्तरीका जलेश्वर र पिपरामा पनि जन्तीको स्वागत गर्न स्थानीय तयारी अवस्थमा बसेका छन् । मङ्गलबार बिहान मटिहानीबाट जलेश्वर पुग्ने जन्तीलाई जलेश्वरनाथ महादेवको दर्शन गराएर खाजा ख्वाउने तयारी छ । जन्तीले दिवा भोजन पिपरामा गर्ने जनाउँदै उहाँले ती दुवै स्थानमा सम्बन्धित क्षेत्रमा विशेष तयारी भइरहेको उहाँले बताउनुभयो ।

पिपरापछि जन्ती जनकपुर प्रस्थान गर्नेछन् । त्यहाँ जन्ती जानकी मन्दिरका अतिथि बनेर विवाह महोत्सवमा सरिक हुनेछन् । यस वर्षका लागि मङ्सिर २१ गते शुक्रबार रामजानकी विवाहको दिन परेको मठका सन्त डा वैष्णले जानकारी दिनुभयो । मङ्सिर शुक्ल पञ्चमी तिथिका दिन रामजानकीको विवाह भएको सम्झनामा बर्सेनि यो महोत्सव मनाइँदै आइएको उहाँको भनाइ छ ।

सप्ताहव्यापी मनाइने यो महोत्सव जनकपुरधाममा आजदेखि सुरु भएको छ । अयोध्याका राजकुमार श्रीराम, भाई लक्ष्मण र गुरू विश्वामित्रका साथ जनकपुर आइपुग्नुभएको सम्झनामा महोत्सवको पहिलो दिन 'जनकपुर नगर दर्शन' को परम्परा रहेको संस्कृतिका जानकार बताउँछन् । आइतबार मिथिलाञ्चलसहित जनकपुरमा यही उत्सव मनाइँएको छ ।

यसैगरी क्रमशः सोमबार फूलबारी लीला, मङ्गलबार धनुषयज्ञ, बुधबार तीलकोत्सव, बिहीबार मटकोर, शुक्रबार विवाह र शनिबार रामकलेवा उत्सव मनाउने गरिन्छ । सप्ताहव्यापी यस महोत्सवमा पूलबारी लीला जनकपुरमा अचानक बगैँचामा डुल्दै पुग्नुभएका रामलक्ष्मणसँग सीताको आमनेसामने भएको कथा वर्णित छ ।

यसैगरी तीलकोत्सवमा राजा जनकबाट वरपूजन र वस्त्रआभुषण भेट, मटकोरमा विवाहको यज्ञवेदी बनाइने र कुलदेवता पूजन तथा रामकलेवामा जन्ती बिदाइका कार्यक्रम गरिने लक्ष्मीनारायण मठका सन्त डा वैष्णले जानकारी दिनुभयो ।

### महोत्तरीमा विवाहपञ्चमी उत्सवको रौनक

प्रत्येक पाँच वर्षको अन्तरालमा धुमधामसँग भारतको अयोध्याबाट जन्ती आएर नेपालको जनकपुरमा मनाइने भगवान रामचन्द्र र माता सीताको विवाहोत्सव (विवाहपञ्चमी उत्सव) को रौनक आइतबारदेखि महोत्तरीमा देखिन थालेको छ ।

अनादिकालदेखि नै महोत्तरी र धनुषाका विभिन्न स्थानमा विवाहका विभिन्न विधि सम्पन्न गरी मनाइने गरेको विवाहपञ्चमी उत्सवको रौनक महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका, मटिहानी नगरपालिका र पिपरा गाउँपालिमा देखिएको छ ।

पाँच वर्षको अन्तरालमा जन्ती मिथिलाको धर्तीमा आउन लागेका कारण प्रवेशद्वारमै रहेको मटिहानी र जलेश्वर तथा पिपराका बासिन्दा जन्तीको स्वागत, सत्कार र दर्शनका लागि आतुर देखिएका छन् । अयोध्याबाट निस्केको जन्ती भारतका विभिन्न स्थान हुँदै जनकपुर आउनका लागि महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका र मटिहानी नगरपालिकास्थित नेपाल भारत सीमाबाट प्रवेश गर्ने मुख्य प्रवेशद्वार रहेका कारण जलेश्वर र मटिहानीमा आजदेखि विवाहपञ्चमीका लागि आउने जन्तीको स्वागत, सत्कार, विश्राम र वैदिक विधिका विभिन्न तयारी भइरहेको जलेश्वरका नगर प्रमुख सुरेश साह सोनारले बताउनुभयो ।

त्यस्तै महोत्तरीको मटिहानीदेखि राजा जनकको राजधानी धनुषाको जनकपुरधामसम्म प्रत्येक वर्ष धुमधामका साथ एक सातासम्म विभिन्न कार्यक्रम गरी मनाइने गरेको विवाहपञ्चमी उत्सवको रौनक यसपाली अझ बढी थपिएको छ । यसपाली मटिहानीका प्रत्येक घर घरको अगाडिमा कलश, फूलमाला र अबिर लिएर स्थानीय जन्तीलाई स्वागत गर्न आतुर रहेका छन् भने भगवान रामको डोला (प्रतिमा)सहित आउँदै गरेका जन्तीका लागि गएरातिदेखि नै मटिहानीको घर घरमा दीपावलीसमेत गरिएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी रवीन्द्रदास वैष्णवले बताउनुभयो । मटिहानीमा आइतबार र सोमबार राति पनि भगवान रामचन्द्र र जन्तीको स्वागतमा दीपावली मनाइने कार्यक्रम रहेको छ ।

त्यस्तै जन्तीको बाटोमै पर्ने पिपरा गाउँपालिकामा जन्तीको भोजन तथा विश्राम रहने गरेका कारण त्यहाँ पनि अहिले जन्तीको भोजन र विश्रामका विभिन्न जोरजामका क्रियाकलाप धुमधामका साथ भइरहेको गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले बताउनुभयो । त्रेता युगमा अयोध्याका राजा दशरथका छोरा भगवान रामचन्द्र र जनकपुरका राजा जनकका छोरी माता सीताको विवाह ऐतिहासिक एवं धार्मिक नगरी जनकपुरधाममा भएको दिनलाई सम्झदैं प्रत्येक पाँच वर्षमा अयोध्यादेखि जनकपुर जन्ती आउने र विवाह उत्सव सम्पन्न हुने परम्परा चलिआएको छ ।

सो अवसरमा भगवान रामचन्द्रको जन्मभूमि अयोध्याबाट जन्तीमा भगवान रामचन्द्रको प्रतिमा लिएर हजारौं साधु, सन्त, महात्मा र अयोध्याबासीसहित भारतका प्रसिद्ध तथा प्रख्यात मठ मन्दिरका महन्त, जोगी सन्यासी विवाहपञ्चमी उत्सवमा सहभागी हुने चलन रहेको छ ।


सयौं रथ, बाजागाजा, नाच तमाशा, घोडा, हात्ती र लाबा लस्करसहित जन्ती आउने चलन रहेको र अयोध्याबाट एक सातादेखि हजारौं जन्ती तथा लाखौं सर्वसाधारण जनकपुर आउने गरेका छन् । जनकपुरमा त्रेतायुगमा भएको माता सीताको विवाहको बेला महोत्तरीको मटिहानी नगरपालिकाको वडा नम्बर ७ मा अवस्थित लक्ष्मी सागरमा मटकोर विधि र वेदीको माटो खन्ने विधि गरिएको प्रचलन अझै पनि जारी रहेको तथा यस वर्ष पनि सो कार्यक्रम धुमधामसँग गरिने कार्यक्रम रहेको लक्ष्मीनारायण मठ मटिहानीका मान महन्थ जगन्नाथदास वैष्णवले बताउनुभयो ।

आउँदो शुक्रबार जनकपुरधाममा हुने विवाह पञ्चमीका लागि अयोध्याबाट जन्ती हिँडिसकेको छ भने सोमबार जन्ती मुख्य प्रवेशद्वार मटिहानी नगरपालिकाको सीमामा प्रवेश गर्नेछन् । कतिपय साधु, सन्त, महात्मा र अन्य जन्ती जिल्ला सदरमुकाम जलेश्वरको बाटो भएर पनि नेपाल प्रवेश गर्नेछन् । जन्ती सबैभन्दा पहिले मटिहानी नै प्रवेश गर्ने हुँदा मटिहानीबासीहरुले जन्तीलाई फूलमाला, अबिर लगायतले स्वागत गर्ने चलन रहेको छ भने जन्ती मटिहानीमा एक रात विश्राम गरेर विवाह पूर्व गरिने मटकोर विधि पनि सोही स्थानमा सम्पन्न गर्ने चलन रहेको छ ।

महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाहपञ्चमी उत्सव भएपछि मात्रै सर्वसाधारणले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउँदै आएका छन् । विवाहपञ्चमीको अवसरमा प्रत्येक पाँच वर्षमा जनकपुर धाममा आठ देखि १० लाखसम्म भक्तजन विवाहपञ्चमी उत्सवमा सहभागिता जनाउने गर्दछन् ।

सप्ताहव्यापी विवाह पञ्चमी उत्सव अन्तर्गत यसपाली मङ्सिर १६ गते आज जनकपुर नगर दर्शन, १७ गते सोमबार फुलबारी लीला, त्यस्तै १८ गते मङ्गलबार धनुष यज्ञ, १९ गते बुधबार तिलकोत्सव, २० गते बिहीबार मटकोर विधि र मङ्सिर २१ गते शुक्रबार भगवान रामचन्द्र तथा माता जानकीको स्वयंवर र शुभ विवाह तथा मङ्सिर २२ गते शनिबारका दिन राम कलेवा हुने कार्यक्रम तय गरिएको हो । रासस

> महोत्तरीको मटिहानीदेखि राजा जनकको राजधानी धनुषाको जनकपुरधामसम्म प्रत्येक वर्ष धुमधामका साथ एक सातासम्म विभिन्न कार्यक्रम गरी मनाइने गरेको विवाहपञ्चमी उत्सवको रौनक यसपाली अझ बढी थपिएको छ । यसपाली मटिहानीका प्रत्येक घर घरको अगाडिमा कलश, फूलमाला र अबिर लिएर स्थानीय जन्तीलाई स्वागत गर्न आतुर रहेका छन् भने भगवान रामको डोला (प्रतिमा)सहित आउँदै गरेका जन्तीका लागि गएरातिदेखि नै मटिहानीको घर घरमा दीपावलीसमेत गरिएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी रवीन्द्रदास वैष्णवले बताउनुभयो ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बीरआईमा ऋण नलेउ

प्रधानमन्त्री केपी शर्मा ओली चीनको भ्रमणमा जान लागेका छन् । उनको चीन भ्रमणको मुख्य एजेण्डा बनेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनालाई ऋणमा लिने अथवा पूर्ण अनुदानमा त्यो चर्चामा छ । नेपालले बीआरआई परियोजना पूर्ण रुपमा अनुदानमा लिनु पर्छ । अनुदानमा नदिए त्यो परियोजनाको नेपाललाई ऋणमा लिनुपर्ने कुनै आवश्यकता छैन । बीआरई परियोजनाको विषयमा सत्तारुढ दल नेपाली काँग्रेस र नेकपा एमालेको संयुक्त कार्यदलले अनुदानमा मात्र लिने सहमति गरेको छ । काँग्रेस र एमालेको संयुक्त कार्यदलले तयार गरेको मस्यौदामा पूर्ण अनुदानमा मात्र लिने उल्लेख छ। सो मस्यौदा सहमतिका लागि चीन पठाइएको छ। बीआरआई परियोजना ऋणमा लिने कि अनुदानमा मात्र लिने भनेर दलहरूबीचमा विवाद भइरहेको थियो । तर कांग्रेसबाट महामन्त्री गगन थापा र सेमन्त दाहाल तथा एमालेको तर्फबाट प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, आर्थिक तथा विकास मामिला सल्लाहकार युवराज खतिवडा रहने गरी कार्यदल बनाएर त्यसको समाधान निकालेको छ । कार्यदलले शनिबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर मस्यौदाको बारेमा ब्रिफिङ पनि गरेको थियो । बीआरआई परियोजना संसारको धेरै देशमा लागु भएको छ। चीनको आग्रह र दबाबमा बीआरआई परियोजना लागु भएको देशहरु मध्ये अधिकांशमा ऋणमा छ । चीनले बीआरआई परियोजना मार्फत ऋण दिएका देशहरुको स्थिति अत्यन्त खराब छ । कतिपय देश ऋण तिर्न नसकेर आफ्ना विमानस्थल, महत्वपूर्ण बन्दरगाह लगायतका संवेदनशील स्थलहरु चीनलाई दिनु परेको छ। बीआरई परियोजना मार्फत चीनले आफ्नो ऋणको भारमा अर्को देशलाई थिचेर आफ्नो अनुकूल प्रयोग गर्ने नीति बनाएको छ। बीआरआई परियोजना लागु भएको पाकिस्तानको अवस्था अत्यन्त दयनीय बनेको छ। त्यसकारण नेपालले बीआरआई परियोजना ऋणमा लिन हुँदैन। चीनले दिने ऋणको ब्याज चर्को हुने र माफी समेत नगर्ने भएकाले ऋणमा डुब्नु भन्दा परियोजना नै नलिनु बढी उपयुक्त हुनेछ । बीआरआई परियोजना चीनको विस्तारवादी सोच हो । संसारमा आफ्नो प्रभुत्व कायम गर्न चीनले बीआरआई परियोजनालाई अगाडि सारेको छ । नेपालले ऋणको भन्दा अनुदानलाई प्राथमिकतामा राख्नु पर्छ । चीनले नेपालको भलो चाहन्छ भने अनुदान दिनुपर्छ । पोखरा विमानस्थलको ऋण नै नेपाललाई भारी भएको छ। थप ऋण लिएर चीनको अधिन हुनु भन्दा ऋण नलिनु नै उपयुक्त हो । ऋण नलिनेमा काँग्रेस र एमाले सहमत छ । राष्ट्रहितका लागि यो निर्णय अत्यन्त महत्वपूर्ण छ।

# बरियारपुरको पञ्चवर्षीय गढीमाई मेला मंसिर २३ गतेका लागि तैयारी प्रारम्भ

**चन्द्रकिशोर प्रसाद साह**

वर्षात्का कारण खेतहरुमा पानी सुक्न समय लाग्ने भएकोले मेलाको शुरुवात्मा ढिलाई भएको समितिले जनाएको छ । तापनि विशेष बली पुजा सकिए पनि मेला समय अगाडि बढाइने कुरा बताइन्छ । हुनत शनिवार अधिकाँश नेपाली दर्शनार्थीहरु पुजा तथा घुमघामका लागि जमघट भएकाले मन्दिर वरिपरि मेलाको प्रारम्भिक अनुभूति भएको हो । तर अन्य क्षेत्रहरुमा भने मेलाका लागि तैयारीमा अझै १ हप्ता लाग्ने देखिन्छ। तर आउँदो २२ गते शनिवारसम्म सवै सुचारु हुन सक्ने देखिन्छ। यसरी त पहिलेको २०७६ सालको मेलामा पूर्व र पश्चिममा २ वटा वैष्णोदेवीको ठूलो भव्य मन्दिर बनाइने गरिएको थियो जुन यस वर्ष त्यो नआएकाले त्यसको रौंनकतामा कमी देखिएको बताइन्छ।

गढीमाई मन्दिरको उत्पत्ति सम्वन्धमा हाल बारा जिल्लाको महागढीमाई नगरपालिका, बरियारपुर वडा नं. १ स्थित को पुजारी मंगल चौधरीको दसौं पुस्ता पहिले भगवानको चौधरीको घरमा चोरी हुँदा १ जना चोरलाई गाउँलेहरुलाई कुटेर ज्यान लिए अनि प्रहरी आउँदा गाउँलेहरुलाई बचाउनहेतु मैले मारेको हुँ भनी जाहेरी दिंदा प्रहरीले भगवान चौधरीलाई मकवानपुर जिल्लाको गढी जेलमा लगेर राखे जसताका जेलमा कालीको उपासना गर्ने, मन नलाग्ने भएपछि सपनीमा देबीले आफूलाई यहाँबाट लग्ने र मन्दिर बनाउने वाचा गरेवापत् यहाँबाट छुटकारा पाउने जनाइएपछि त्यस जेलबाट भागेर विभिन्न स्थानमा रहेका थिए जस स्थानमा पनि अहिले मन्दिर बनाइएको छ। तर अन्य स्थानमा मेला भने प्रसिद्धि कमाउन सकेको देखिदैन।

बरियारपुरको गढीमाईको जेठी दिदी बारा जिल्लामा पर्ने बारागढी गापा वडा नं. ७ स्थित गढीमाई, त्यसपछि जितपुरसिमराको छातापिपराको गढीमाई, बुद्धगाईमा पर्ने गढीमाई, करैयामाईमा पर्ने गढीमाई, कलैयाको सिसहनियामा पर्ने गढीमाईका साथै रौतहट जिल्लाको कनकपुर जंगलशाहीमा पर्ने गढीमाई, सुन्दरपुरमा पर्ने गढीमाई अनि अन्तमा बरियारपुरको गढीमाई भएको बताइन्छ । दुखा कछडियाको सहयोगमा आफ्नो ५ वटा अंगको रगत दिएपछि गढीबाट लाइएको माटोमा प्रकाश प्रज्जलित हुने अनि पञ्चबलीहेतु जंगली मुसा, लोकल कुखुरा, सुँगुर, बोको, राँगोलाई दिइने प्रारम्भ गरियो र प्रत्येक ५ वर्षमा मेला लगाउने परम्परोको पनि शुरुवात भयो जसका लागि बरियारपुरका तत्कालीन राजाहरुले सहयोग गरेका थिए । पछि भोग विलासका कारण राजाहरुको अस्तित्व धरापमा परेको हो।

पञ्चवर्षीय मेलाका साल विशेष पुजाहेतु जंगलबाट विशेष प्रज्जलन हुने दाउरा लाइने जसलाई एक आपसमा घर्षण गरिने जसको फलस्वरुप आगोको झिल्का आउने भई दिप प्रज्वलित हुने वैज्ञानिक आधार पाइन्छ। आजभोली विशेष रसायत मिलाएर पनि बत्ति बाल्न सकिने कतिपयको भनाई पाइन्छ । यसरी जाडोमाा उक्त आगो बलेपछि बरियारमा आएका बलीमध्ये ५ वटा बली जेठी दिदी बारागढीमा पहिले बली दिइने अनि मात्र बरियारपुरको ब्रम्हस्थानपूर्व घेराभित्र बली दिइने परम्परा रहेको बताइन्छ। आध्यात्मिक दृष्टिकोणले बली दिइएको राँगा, बोकोको रगत, शरीरमाथि झिंगा नभन्किने सन्दर्भमा चिसोमा झिंगाको वृद्धि नहुनुका साथै फोहोरलाई व्यवस्थान गरिएको हुन्छ जसको फलस्वरुप तुरुन्तै देखापर्ने अवस्था नहुने धेरैको विचार पाइन्छ। तर धेरै दुर्गन्धिर्त हुने गरेको देखिन्छ। बढी मंहगी एवं बढी धर्मका कारण मानिसहरुको आर्थिक अवस्था कमजोर हुने भएकोले कतिपयको सुझाव सिर्जनशील उत्पादनमुखी कार्यव्यवहार अपनाउनुपर्ने पाइन्छ।

अन्य देशतिर जनावरलाई परिवारको सदस्य झै नामकरण गरी राखिन्छ । हाम्रो तिर जनावर हत्या, हिंसामा तीब्रता रहेकोले गढीमाईको बली प्रथाको विरोध भइरहेको पाइन्छ । उता सर्वोच्च अदालतले बली प्रथालाई निरुत्साहित गर्दै लैजानुपर्ने जनाइएको भएपनि त्यसतर्फ केन्द्रित पाइँदैन कनिकि मानिसहरुको आस्थाको विषय हो । अतः जबसम्म शिक्षाको विकास हुन्न तबसम्म बली प्रथा अन्त हुन्न । महागढीमाई नपाका मेयर तथा मेलाा समिति प्रमुख उपेन्द्र यादवद्वारा "हिन्दु भन्दा पनि हामी पैला सनातनी हौं" बताइन्छ। यसरी सनातनी भनेको पुरानो अर्थात् रुढीवादी सोंच हो जो परिवर्तन चाँहदैनन् । जबकी समय परिवर्तनशील हुन्छ। अहिले आधुनिक कालमा पनि पुरानै कुसोंच राखिनुका उत्तम सन्ततीको विकास हुन्न।

गढीमाईमा भुजा, माछा, रक्सी (लाई, मछ्ली, दारु) लाई गढीमाईको अंगरक्षक (पुजारी) लाई दिनुपर्दछ जसले बाहिरबाट पकाउन लगाएर चढाउने अनि खाने खुवाउने पुजारीद्वारा बताइन्छ। शुक्लपक्षको सप्तमीको राँगो अनि अष्ठमीको बोको बली दिइने परम्परा रहेको छ। तर यस वर्ष मंसिर कै सप्तमी र अष्ठमी दुबै परेको भएता पनि गढीमाई मेला समितिले मंसिर २३ गते राँगा (पाडा) अनि २४ गते बोका (खसी) बली हुने सूचना गरेको देखिन्छ। गढीमाईमा विशेष पुजाको नाममा रु.५०० लिइने कार्यप्रति धेरैको आपत्ति रहेको पाइन्छ । तर समितिले मन्दिरको स्तरोन्नतिहेतु लिने गरिएको छ जसमा कुनै किसिमको हिनामिना नहुने बताइएको छ। हुनत धर्म, मेलाको आडमा कमाउने, खानेहरुको कमि देखिदैन। विभिन्न पालिकाहरु, संघसंस्थाहरुको जमघट स्थल मेला वरिपरि रहेको हुन्छ जसका लागि स्वागत गेट, ब्यानर, शिविर आदिका नाममा अनावश्यक बजेट कुम्ल्याउने गरिन्छ।

पशुबली रोक्न तथा भब्य गढीमाई मन्दिर निर्माणहेतु मेला समितिद्वारा बलीको साट्टोमा नगद दान गरेमा बली चढाएसरह मानिने जनाइएको छ जसका लागि परेवा बरावर रु.३००, बोका बराबर रु.४०००, राँगा (भैंसा) बराबर रु.८००० तोकिएको छ । पाडा बलीका लागि बनाइएको ढाठ करिब १ विघामा रहेको छ ६ हजार राँगा अटाउन सक्छन् । ढाठमा बुझाउँदा प्रति राँगा रु.५०० को हिसाबले समितिलाई दिनुपर्दछ। मेला समितिले राँगा बलीको मासुलाई काठमाण्डौंकाा लागि बिक्री गरिएकाले विगतका मेलामा दुबैतर्फबाट मुठभेद भएको थियो र यस वर्ष पनि हुने सम्भावना प्रबल देखिन्छ किनकि बली दिइएको राँगो प्रसाद भएकाले यो हामीलाई खान पाउनुपर्ने अधिकार हो जसलाई हामीले परापूर्वकालदेखि बलीलाई खाने गरका छौ जसलाई बिक्री गर्न नहुने कुरा केही दलीतहरुले बताउँछन्। तर दलित नेताहरुले नखानुपर्ने अडानमा हुन्छन् । हुनत गढीमाईको प्रसिद्धि बलीबाट नै भएको हो जसलाई हेर्न शुल्क लाइने कुरा परिचर्चामा रहेकोले कतिपयले त्यस्तो नगर्न हुन बताउँछन्।



गढीमाई दर्शनहेतु २.५ लाख मानिसहरु दर्शन गर्ने भएका र जुत्ता, चप्पल राखिने व्यवस्था नभएकाले अधिकाँश दर्शनार्थीहरुको जुत्ताचप्पल हराउने हुन्छ। यस वर्ष मन्दिरमा प्रवेशहेतु दक्षिणबाट बाँसको घेरा हालिएको छ। विगत जस्तो ५० लाख मानिसको ओइरो नलागेता पनि चारैतिर सिंगल रोड भएका र पहिलेदेखि मानिस नआएर एकैदिन आउने र फर्किने क्रम जारी रही बाटाहरुमा सानाठूला गाडीमार्फत् चक्काजाम हुने भएकाले बढी भिड हुने भएकाले १ किलोमिटर टाढा नै बस, गाडीहरु पार्किङ्ग बनाइएको छ । तर पसल स्टलहरु सडक टाँसिएर बनाएकाले मेला भर्न आउनेकाले धेरै अप्ठ्यारो हुने संकेत देखिन्छ । मेडियाको पहुँच बढी भएताा पनि १ महिना लाग्ने मेला १ हप्तामा सीमित हुनुको पछाडी निम्न कारण हुन सक्छन्ः (१) गढीमाई व्यवस्थान समितिको आजीवन सदस्यहरुको भेला नगरी मेयरले आफ्नै तरिकाले समिति निर्माण गर्नु (२) सवै मानिसहरु आआफ्ना काममा व्यस्त रहनु (३) स्वास्थ्य, शिक्षाको स्तर वृद्धिसँगै भाकल गरिने परम्परामा कमी हुनु (४) वैज्ञानिक उपकरण प्रयोगसँगै पशुहरुको संख्यामा कमी हुनु (५) वैद्धिकताको विकाससँगै अन्धविश्वासको कमी हुनु (६) मोटरबाइक, गाडीको विकासले पहिले नै दर्शन गरिनु (७) नजिकमा धर्मशाला, होटल ठूलो नहुनु (८) चर्पी, पानीको पर्याप्त सुविधा नहुनु (९) राती बस्दा मनोरंजनको समुचित व्यवस्थापन नहुनु (१०) विगतमा भारतबाट राँगा, बोको ल्याउँदा बोर्डरमा प्रहरीले रोक लाउनु (११) अत्ति जाडोको समयमा मेला पर्नु (१२) ओमशान्ती, जयगुरुदेव आदि संस्था बलीविरुद्धको प्रचारप्रसारमा तल्लिन रहेपनि सफलता न्युन देखिनु (१३) जग्गा महंगो अनि ब्लेकमा बेचिनु, आदि।

मोटरबाइक, गाडी गरी पञ्चवर्षीय मेलाहेतु १ लाख गाडीहरु आउने गर्दछ। खासगरी जनकपरको विवाह पञ्चमी सकेपछि उही दर्शनार्थीहरु गढीमाई आउने गरेकाले अचानकै बढी भीडभाड हुने गर्दछ। ती राती गाडी आएर सडकमै लाउने गर्दछ जसको फलस्वरुप विहानै फर्किन र आउने गाडीहरुबाट जम्काभेंट भएपछि सडक जाम हुने गर्दछ जसको लागि रातीमै प्रहरीहरु सतर्क रहनुपर्दछ।

पहिले जस्तो क्याम्पहरुमा तैयारी, सेवा भरपर्दो देखिदैन । अतः समितिले राती बस्नेहरुका लागि कम्बल व्यवस्थापन गर्न सक्नुपर्दछ। मन्दिर वरिपरि अहिले स्कुल, निजी घरहरु रहेकाले रमणीय देखिदैन र साथै पछि गएर मेला नै धराप पर्ने हुन्छ। अतः गढीमाई मेलालाई लम्ब्याउन तथा पर्यटकीय विकासहेतु मास्टर प्लान हुनु जरुरी देखिन्छ। मन्दिरको चारैतिर कम्तिमा १ कि.मि. आफ्नो जग्गा हुनुपर्दछ जसको चारैतिर पर्खाल लाएर वरिपरि चारैतिर बाहिर सडक हुनुपर्दछ । यसका लागि "देदो राम, दिलादो राम, देनेवाला सीताराम" को नाममा कमाउने रणनीतिलाई त्याग्नुपर्दछ । प्रायःजसो यहाँका मिठाई पसलहरुमा चम्पई, रंग, अखाद्य हैड्रो मिलाएर बनाइने गरिएकोले स्थानीय निकाय, प्रशासन, मेला समिति सवै निगराई बढाउनुपर्ने हुन्छ। यस्ता मिसावटबाट कलेजो, मृगौला, आँखा आदि अंगमा खराबी हुने गर्दछ। उपभोक्ताले त्यस्ता रंगिन मिठाईहरु नकिन्नेतर्फ सतर्क रहनुपर्दछ। यस मेलामा नेपाल/भारतका कुख्यात चोर, चाँई, लुटेराको जमघट भई चोरी, गुण्डागर्दी बढी हुन सक्ने भएकोले गरगहना लाएर मेलामा जानु हुन्न । हुनत सीसीटीभी क्याम्रा लाइएको हुन्छ तर प्रभावकारी विगतमा नदेखिएकोले ध्यान यसमाथि दिनुपर्दछ।

विगतमा मेला सके लगतै कोरोना महामारी आएकोले यस वर्ष पनि बढी भीडभाडमा जाँदा मास्क लाएर जानुपर्ने हुन्छ। अहिले बारामा गढिमाईको मेलाको नाममा ब्रह्मलुट मच्चिन्छ । नेपाल सरकारले २०८१ कार्तिक ११ गतेबाट राजमार्ग/सहायक राजमार्गहरुमा कुनै किसिमको कर नउठाउने निर्णय भएपनि कलैयामा विभिन्न करहरु उठाउने गरेको देखिन्छ।


गढीमाईको मेलाको प्रारम्भ २०८१ असोज १७ गते घटस्थापनाका दिन भएको हो । पुनः मेलाको शुरुवात मंसिर १ गतेदेखि भएको जनाइयो। फेरि मार्ग १७ गतेदेखि २५ गतेसम्म विशेष पुजाको प्रारम्भ हुन्छ जसमा विशेष पुजा गर्नेलाई रु.५०० लाग्ने जनाइएको छ। अनि मंसिर २३ र २४ गते विशेष मेला लाग्ने कुरा मेला समितिद्वारा जनाइएको पाइन्छ।

मेलालाई लक्षित गरी १५ सय सुरक्षाकर्मी खटाइने कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ किनकि बढी मानिसहरु नआउने आँकलन देखिन्छ। तर पनि सुरक्षालाई मध्यनजर गरी कम्तिमा ५ हजार सुरक्षाकर्मी आवश्यक देखिन्छ । प्रशासनद्वारा बिना स्वीकृति ड्रोन क्याम्रा उडाउन नपाइने, बली दिंदा फोटो लिन नपाइने, हातहतियार, खुकुरी आदि खुल्ला रुपमा लिएर घुम्न नपाइने जस्ता कुराहरु निषेधित गरिएको छ। यसर्थ मेलालाई सफल पार्न सवै सम्वद्ध निकायले ध्यान दिनुपर्दछ।

# प्रधानमन्त्रीको चीन भ्रमणमा देशको शिर झुक्ने सम्झौता नहोस्



**प्रकाश रायमाझी**



विश्वशक्तीका रुपमा उदयमान राष्ट्र चीनले आफ्नो रणनीतिक महत्वको परियोजना बिआरआइलाई कुनैपनि हालतमा नेपालमा कार्यान्वयन गराउन चाहिरहेको छ । सन् २०१७ मा नेपाल र चीनबिच बिआरआई लागु गर्ने सहमती भइसकेको छ, तर यो परियोजना कार्यान्वयनको चरणमा अघि बढ्न सकिरहेको छैन । नेपालका दलहरुको आन्तरिक किचलो तथा भूराजनीतिक चलखेलका कारण बिआरआइ कार्यान्वयनको चरणमा जान नसकेको हो। यसअघि माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुँदा बिआरआई सम्झौतामा हस्ताक्षर गर्ने पूर्ण तयारीका साथ चीन भ्रमणमा गएका थिए। तर फेरी एकपटक अन्तिम चरणमा पुगेर प्रक्रिया रोकिएको थियो।

वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली मंसिर १७ गते चीन प्रस्थान गर्दैछन् । आसन्न चीन भ्रमणमा बिआरआई सम्झौतालाई अघि बढाउन प्रधानमन्त्री ओली अग्रसर देखिन्छन् । तर अर्का सत्ता सहयात्री नेपाली कांग्रेसको साथ नपाएपछि प्रधानमन्त्री दोधारमा देखिन्छन्। नेपाली कांग्रेसको बिआरआइबारे विगतदेखिकै अडान छ- यस अन्तरगतका कार्यक्रमहरु अनुदानमा दिने हो भने मात्र कार्यान्वयन गर्न सकिन्छ। बिआरआईमा एमालेको नरम तथा कांग्रेसको खरो शैली दुबै राष्ट्रहितका भावनाबाट उब्जिएका भने होइनन् । दलीय स्वार्थ र लोलुपता यसका कारण हुन्। नेपालमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकाश बैंक आदिबाट पनि प्रशस्त ऋण लिइएका छन् । अतः राष्ट्रको आवश्यकता हेरेर ऋण लिनै नहुने भन्ने होइन। जबकी एमाले-माओवादीले भनेजस्तो आँखा चिम्लेर चिनियाँ परियोजना लागु गर्नुपर्छ भन्ने तर्कपनि कदापी स्वीकार्य हुन सक्दैन । चीनसँग सम्झौता गरिसकेपछि यसको दिर्घकालीन असरका बारेमा गम्भिर समिक्षा गर्नु राष्ट्रको पहिलो आवश्यकता हो । बिआरआई परियोजना कार्यान्वयन गरिएका राष्ट्रहरुको अवस्था नियाल्ने हो भने, आर्थिक अनियमितता तथा वातावरणीय प्रभावका कारण ३५ प्रतिशतमा यो असफल भएको छ । यसलाई मध्यनजर गर्दै सरकारले बिआरआई कार्यान्वयनको निर्णय गर्न सक्नुपर्छ । वर्तमान अवस्थामा नेपालको आर्थिक तरलता ऋणात्मक रहेको अवस्थालाई ध्यानमा राखेर यो परियोजना अनुदानमै प्रदान गर्नका लागि सरकारले चीन सरकारलाई अनुरोध गर्नु उपर्युक्त हुनेछ । यसका लागि नेपालको मात्र होइन चीनलाई समेत फाइदा हुने शर्तहरु नेपालले अघि सार्न सक्छ।

राजनीतिक दलहरूको आन्तरिक कलह तथा दलीय स्वार्थले बिआरआईमा राष्ट्रिय सहमतिको वातावरण बन्न सकेन । सत्ता नेतृत्वकर्ता नेकपा एमाले तथा नेपाली कांग्रेस दुबैले दलीय स्वार्थभन्दा माथि उठेर राष्ट्रहितको पक्षमा अडान लिनु उपर्युक्त हुनेछ । दलहरूले आन्तरिक स्वार्थ र दलीय राजनीतिको संकीर्णताभित्र देशको शासन प्रणालीलाई सीमित गर्दा नेपालको पराष्ट्र नीति इतिहासकै कमजोर अवस्थामा पुगेको छ । परराष्ट्र मामलामा नेपालको साझा धारणा नै नरहेको जस्तो देखिएको छ । सरकारको बदलाव र अनुकुलताका आधारमा परराष्ट्र नीतिहरु बन्ने गरेका छन् । उदाहरणका लागि रुस-युक्रेन प्रकरणमा देउवा सरकारले हतार हतार अमेरिकालाई समर्थन गर्नेगरी आफ्नो धारणा सार्वजनीक गर्‍यो, नेपालको असंलग्न परराष्ट्र नीतिको विरुद्दमा थियो । नेपालस्थित अमेरिकी दूतावासमा अझैपनि हामी युक्रेनको पक्षमा उभिन्छौं भन्ने बोर्ड देख्न सकिन्छ। देउवाकै सरकार हुँदा अफगानिस्तानमा युद्धका बेलामा नेपालको हवाई मार्ग प्रयोग गर्नु नेपाललाई अमेरिकाको राजनीतिक स्वार्थभित्र राखेको थियो । त्यस्तै एमसीसी तथा सोहि प्रकृतिका परियोजनाहरु मर्फत नेपालमा अमेरिकी स्वार्थले प्रवेश पाउँदै आएको छ । कांग्रेस सभापति शेरबहादुर देउवा त्यसको अघोषित माध्यम बनेका छन्। देउवा आफ्नो दल अथवा राष्ट्रको होइन, नितान्त व्यक्तीगत स्वार्थपूर्तिका लागि विदेशीहरुबाट सञ्चालित हुने गरेका छन् । त्यस्तै माओवादी अध्यक्ष प्रचण्ड, अस्थिर स्वभाव तथा सत्ता लोलुपताका कारण विदेशीका लागि सहज बन्ने गरेका छन् । एमाले अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीका लागि राष्ट्रवाद एउटा मुकुण्डो मात्र हो । राष्ट्रवादको खोल ओडेर दलीय स्वार्थको संकिर्ण मनोदशा बोक्ने ओलीजस्ता व्यक्तीले राष्ट्रियतालाई शिरमा राख्न सक्दैन, यो पटक पटक प्रमाणित भइसकेको छ। राष्ट्रियताको मामलामा ओलीको धारणा बोलीमा एउटा अनि व्यवहारमा अर्को देखिने गरेको छ । राष्ट्रिय स्वार्थभन्दा दलीय स्वार्थलाई माथि राख्ने ओलीको व्यवहार र गतिविधिहरूबारे चीन अज्ञात छैन। अतः ओलीको भ्रमणलाई चीनले त्यति प्राथमिकता दिने देखिँदैन । विचौलिया र व्यापारी समेत सम्मेलित ८७ जनाको स्वार्थपूर्ण झुण्ड बोकेर ओली चीन जाँदैछन्। त्यसैले पनि प्रधानमन्त्रीको हैसियतले उनको उपस्थिति त्यति बलियो हुने छैन।

ओलीले अन्य राष्ट्रहरुमा पनि नेपालीको शिरलाई उचो बनाउने काम गर्न सकेका छैनन । यसअघिको अमेरिका भ्रमणमा ओलीको फुर्मास हेर्दा उनी केवल भ्रमणका लागि भ्रमण गर्ने प्रधानमन्त्री हुन् भन्न अतिशयोक्ती हुँदैन। ओलीका चाहाना देशलाई होइन, पार्टीलाई बलियो बनाउनमा केन्द्रीत हुन्छ । बिआरआई कार्यान्वयन गर्ने सहमती भएपछि यससँग जोडिएर आउने आर्थिक, सामाजिक, रणनीतिक र कूटनीतिक सुरक्षाका विषयहरुमा सरकार गम्भिर हुनुपर्ने देखिन्छ।

सरकारले दिर्घकालीन राष्ट्रिय हितका लागि निशर्त यो परियोजना अघि बढाउने अडान राख्न सक्छ जस्तो लाग्दैन । यो प्रोजेक्ट राष्ट्रको फाइदाभन्दा बढी राजनीतिक दलका स्वार्थमा केन्द्रीत हुने अवस्था बन्यो भने देशलाई निक्कै हानी हुनेछ। चीनले नेपालको राजनीतिक अवस्था र भूराजनीतिक संवेदनशीलतालाई अत्यन्त नजिकबाट बुझेको छ । चीनले विगतमा नेपाललाई दिँदै आएको सहयोगलाई हस्तक्षेप गर्नेगरी पश्चिमाहरू सफल भइसकेका छन् । अतः नेपालको भूमी उपयोग गरेर चीनलाई खतरा हुने अवस्था बन्न नदिने सूनिश्चितता चीनले नेपालबाट खोजिरहेको छ । यो विश्वास दिलाउन सकेमा मात्र चीनले नेपालको स्वार्थअनुरुप बिआरआई कार्यान्वयन गर्नेबारे सोच्न सक्छ। तर प्रधानमन्त्री केपी शर्मा ओलीको परारष्ट्र नीतिमा बलियो अडान नहुँदा चीनले उनलाई सहजै विश्वास गर्ने अवस्था देखिँदैन । गहन अध्ययन नगरी बलियो पूर्व तयारीबिना केवल सत्ता स्वार्थका लागि गरिने यस्ता सन्धि सम्झौताबाट नेपालले आगामी दिनमा धेरै ठूलो मूल्य चुकाउनुपर्ने परिस्थिति आउन सक्नेछ।

नेपाली अनुहार भएका विदेशीका एजेन्टहरूले सरकार चलाउँदा नेपालको गौरवमय इतिहासको धज्जी उडिरहेको छ। यस्तै कमजोर र दलीय संकीर्णताभित्र रुमल्लिएका सरकार प्रमुख हुँदा विदेशीहरूले आफ्नो स्वार्थअनुरुपमा सहमती गराउने गरेका छन्। सत्ता लोलुप्त दल-प्रमुखहरुको कुनै अडान हुँदैन। यस्तो अवस्थामा गरिने जुनसुकै सन्धी सम्झौता देशका लागि घातक हुनेछ। चीनले अवश्य पनि प्रधानमन्त्री ओलीबाट बिआरआईमा हस्तक्षर तथा आफ्ना स्वार्थ अनुसारका प्रतिबद्दता खोज्नेछ । अतः प्रधानमन्त्रीज्यू, तपाईंले गर्ने सम्झौताबाट नेपाललाई घाटा नहोस् । भूराजनीतिक स्वार्थमा नेपाल विदेशीको क्रिडास्थल नबनोस् । विश्व शक्तीका दुई ठुला राष्ट्रका बिचमा रहेको नेपालजस्तो संवेदनशील राष्ट्रले आफ्नो भूराजनीतिक महत्वलाई राम्ररी बुझेर मात्र निर्णय गरोस् भन्ने सुभेच्छा छ। चीन भ्रमणमा नेपालीको शिरझुक्ने कुनैपनि काम नहोस्, अन्यथा जनताले यसको हिसाब राख्नेछन्।

# उद्योगमन्त्री भण्डारी भारत प्रस्थान



काठमाण्डु । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी भारतको नयाँदिल्लीमा हुने दुई दिने साझेदारी शिखर सम्मेलन २०२४ मा भाग लिन आइतबार त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

भारतको वाणिज्य तथा उद्योग मन्त्रालयको आयोजनामा सोमबार र मङ्गलबार आयोजना हुने औपचारिक कार्यक्रमका लागि उहाँ भारत प्रस्थान गर्नुभएको हो । सो सम्मेलनमा सरकार-उद्योग साझेदारीलगायत विषयमा छलफल हुने जनाइएको छ । भारतका वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलको औपचारिक निमन्त्रणमा मन्त्री भण्डारी नयाँदिल्ली प्रस्थान गर्नुभएको हो ।

सो शिखर सम्मेलनमा भारतसहित नेपाल, अल्जेरिया, बहराइन, भूटान, इजराइल, इटाली, साउथ अफ्रिका, कम्बोडिया, म्यानमार, कतार, सेनेगललगायत राष्ट्रका उद्योग तथा वाणिज्य र वित्तमन्त्रीहरुको सहभागिता रहने मन्त्री भण्डारीका स्वकीय सचिव आनन्द भट्टले जानकारी दिनुभयो । सो सम्मेलन नयाँदिल्लीस्थित सुस्मा स्वराज भवनमा सम्पन्न हुने जनाइएको छ ।रासस

# सहकारीपीडितका समस्या समाधान गर्नेगरी कानुन संशोधन गरिँदै

काठमाण्डु । सरकारले सहकारीपीडितका माग पूरा गर्न मौजुदा कानुनलाई चाँडै संशोधन गर्ने भएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस क्षेत्रको समस्या समाधान गर्न विद्यमान कानुनमा अपुग भएका ऐन, नियम, कार्यविधि बनाएर कानुन परिमार्जनको प्रक्रिया सुरु गरेको हो ।




मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टका अनुसार परिमार्जित विधेयक मन्त्रिपरिषद्मा पठाइने र त्यसलाई सरकारले अध्यादेशमार्फत जारी गर्ने तयारी छ । कर्जा सूचना केन्द्र, बचत तथा सुरक्षण कोष, बचत तथा ऋण असुली न्यायाधीकरण र नियामक निकायलाई आवश्यक अधिकारको व्यवस्था गरी कार्यविधिको तयारी गरिएको उहाँले जानकारी दिनुभयो ।

कानुनविद्, सरोकारवाला पक्षलगायतसग छलफल गरी विधेयक बनाइएको छ । संशोधन हुने कानुनमा समस्याग्रस्त सहकारी तथा आर्थिक अपचलन गरी ठगी गरेका सम्बन्धित सहकारीका सम्पत्ति लिलाम तथा जफत गरी पीडितलाई उनीहरूको निक्षेप अनुपातमा रकम उपलब्ध गराएर न्याय दिलाउने विषयलाई प्राथमिकतामा राखिएको छ ।

सहकारी सिद्धान्तअनुरूप सहकारी सङ्घसंस्थाका स्व-नियमनकारी प्रक्रिया सशक्त बनाइएको कार्यविधिमा सहकारी विकासका लागि सङ्घीय, प्रान्तीय र स्थानीय सरकारको क्षेत्राधिकारलाई जोड दिइएको छ ।

सङ्घीय सरकारले प्रान्तीय र स्थानीय सरकारका सहकारी निकायलाई आवश्यक नियामक, प्रवर्द्धनात्मक र प्रशिक्षणलगायत सेवाहरू प्रदान गरिनेछ ।

सहकारीमा बचतकर्ताको निक्षेप उठ्न नसक्दा पनि कानुनको अभावमा पीडकबाट सम्पत्ति असुली गरी पीडितलाई निक्षेप फिर्ता गर्न सकिएको थिएन । साना कृषक, श्रमिक, उपभोक्ता र गरीबहरूको संलग्नतामा सबै प्रदेश, जिल्ला र नगरपालिका वा गाउँपालिकामा सञ्चालित ३४ हजार बढी सहकारी संस्था रहेको जनाइएको छ । करिब ७० लाख मानिस यस क्षेत्रमा आबद्ध रहेको बताइएको छ ।रासस

# प्रधानमन्त्री ओली सोमबार चीनको औपचारिक भ्रमणमा जानुहुँदै



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका लागि सोमबार बिहान बेइजिङ प्रस्थान गर्नुहुने भएको छ । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा उहाँले यही मङ्सिर १७ देखि २० गतेसम्म चीनको औपचारिक भ्रमण गर्न लाग्नुभएको हो ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी जिनपिङसँग बेइजिङमा भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । यसैगरी प्रधानमन्त्री ओलीले आफ्ना चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय आपसीहितका विविध विषयमा विचार आदानप्रदान गर्नुहुनेछ । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका रहेको छ ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा मुख्य सम्बोधन गर्नुहुने कार्यक्रम छ । त्यस्तै उहाँले बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री ओलीका साथमा उहाँकी धर्मपत्नी राधिका शाक्य रहनुहुनेछ ।

त्यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, संसद्हरू, विशिष्ट श्रेणीका सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूलगायत हुनुहुन्छ । प्रधानमन्त्री ओली नेतृत्वको प्रतिनिधिमण्डल यही मङ्सिर २० गते काठमाडौं फर्कने तालिका छ ।रासस

# भारत र चीनबाट पर्यटक भित्र्याउन 'नाईस-२०२५' गरिँदै

काठमाण्डु । पर्यटन प्रवर्द्धन गरी छिमेकी मूलुक भारत र चीनबाट धेरै भन्दा धेरै पर्यटक भित्र्याउने उद्देश्यले संयुक्त रुपमा 'नेपाल इन्डिया चाइना एक्सपो (नाईस-२०२५)' गरिने भएको छ ।

आगामी फागुन १२ देखि १४ सम्म पोखरामा उक्त एक्सपो (मेला) आयोजना गरिएको प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले जनाएको छ । आयोजक पाटाका अनुसार एक्स्पोका लागि नेपाल पर्यटन बोर्ड, उद्योग तथा पर्यटन मन्त्रालय (गण्डकी प्रदेश), पोखरा महानगरपालिका, पोखरा टुरिजम काउन्सिल र अन्य प्रमुख पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाको सहकार्य हुने छ ।



पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत सुरेशसिंह बुडालका अनुसार एक्स्पोमा एकसय भन्दा बढी क्रेता, ८० भन्दा बढी बिक्रेता, भारत र चीनका २५ भन्दा बढी सञ्चारकर्मी र विज्ञ वक्तालगायत गरी एकहजार बढीको सहभागिता रहनेछ ।

उहाँले एक्स्पो आयोजनाको मुख्य उद्देश्य दुई ठुला अर्थतन्त्र तथा पर्यटन स्रोतबजार भारत र चीनमा नेपालको पर्यटन सम्भाव्यता र एकीकृत व्यावसायिक अवसरलाई प्रवर्द्धन गर्नु रहेको बताउनुभयो । 'नाईस फर माईस एण्ड मोर' भन्ने नाराका साथ आयोजना हुने एक्स्पोले पोखरालाई पदयात्रा र साहसिक पर्यटन केन्द्रको रूपमा मात्र नभइ माईस पर्यटन (अर्थात् बैठक, सभा सम्मेलन, प्रोत्साहन, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनी) का लागि आकर्षक गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने पाटाले आज विज्ञप्तिमार्फत जनाएको छ ।

एक्स्पोका संयोजक सुनिल भट्टराईले छिमेकी पर्यटन स्रोतबजार (चीन र भारत) बाट पर्यटन सम्बद्ध व्यवसायी र निजी तथा सरकारी निकायका सरोकारवाला एव् सङ्घ संस्थालाई एकै थलोमा आमन्त्रण गरी आपसी व्यापार प्रवर्द्धन, सम्पर्क सञ्जाल विस्तार, तथा त्रिदेशीय पर्यटनको नयाँ आयाम उजागर गर्ने महत्वपूर्ण मञ्च बन्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा महानगरपालिकाका नगरप्रमुख धनराज आचार्यले पोखरामा हुने कार्यक्रमले पोखराको पर्यटनलाई उल्लेखनीय रूपमा प्रवर्द्धन गर्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डका सिइओ दीपकराज जोशीले दुई ठूला पर्यटन स्रोतबजारका क्रेता र विक्रेतालाई जोडेर पर्यटकीय गतिविधि र अनुभव आदानप्रदान गर्ने सो कार्यक्रम पर्यटन प्रवर्द्धनको महत्वपूर्ण माध्यम बन्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले नाईस कार्यक्रमलाई विशेष र प्रभावकारी बनाउन सबैको सक्रियता आवश्यक रहेको बताउनुभयो ।रासस

# फार्मेसीमा अनिवार्य पोशाक र परिचयपत्र लागू गरिँदै

काठमाण्डु । नेपाल फार्मेसी परिषद्ले आगामी पुस ४ गतेदेखि 'फर्मासिष्ट'लाई अनिवार्य पोशाक र परिचयपत्रको व्यवस्था लागु गर्ने भएको छ । उक्त व्यवस्था लागू गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक सहयोग गर्ने जनाएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको आग्रह बमोजिम परिषद्ले पहिलो चरणमा फर्मासिष्टको पहिचान खुलाउन पोशाक अनिवार्य गर्ने निर्णय गरेको थियो । परिषद्ले फर्मासिष्ट तथा सहायकका लागि सेतो एप्रोनसहितको पोशाक र पोशाकमै परिचयपत्र अनिवार्य गर्ने जनाएको छ । कुनै पनि सामुदायिक फार्मेसी वा अस्पताल फार्मेसीमा औषधि वितरणमा कार्यरत फर्मासिष्टले एप्रोनसँगै हरियो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर तथा फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर अनिवार्य राख्नुपर्ने निर्णय आगामी पुस ४ गतेदेखि लागू हुँदैछ ।



यस निर्णयले औषधि बिक्रीवितरणमा आधिकारिक व्यक्तिमात्र संलग्न हुने र कुनै कैफियत देखिएमा कारबाही गर्न सहयोग पुग्ने परिषद्का रजिस्टार सञ्जिवकुमार पाण्डेले बताउनुभयो । मन्त्री पौडेलले यस व्यवस्थाको अनुगमन कडा गर्न आग्रह गर्दै मन्त्रालयले कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । औषधि बिक्रीवितरणलाई व्यवस्थित र नियमित बनाउन मन्त्री पौडेलले औषधि व्यवस्था विभागलाई अनुगमन बढाउन सजग गराउनुभएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले परिषद्को निर्णय कार्यान्वयनमा सहयोग गर्न मन्त्रालयले पत्राचार गर्ने बताउनुभयो । यसका अलावा औषधि बिक्रीवितरणमा बेथिति देखिए नदेखिएको अनुगमन गर्ने र दोषी देखिएमा एकैसाथ कारबाही गरिने उहाँले बताउनुभयो । औषधिको मूल्य समायोजन गर्न गठित समितिले काम गरिरहेको छ । समितिको सुझावअनुसार अधिकतम उपयोग हुने औषधिमा नागरिकलाई कम भार पर्नेगरी मूल्य समायोजन गर्ने मन्त्रालयको तयारी छ ।रासस

# गाईको नश्ल सुधार गरेर उत्पादन बढाउने मुख्यमन्त्री आचार्यको भनाइ

अर्घाखाँची । लुम्बिनी प्रदेश सरकारले छाडा पशु चौपायाको समस्या समाधान गर्न दीर्घकालीन योजनालाई प्राथमिकतामा राखेको छ ।

एकीकृत गरेर गौशालामा पशुचौपाया पाल्ने, नश्ल सुधार गरेर उत्पादन क्षमता बढाउने, जैविक मल उत्पादन र प्रयोगलाई प्राथमिकतामा राख्ने गरी कार्यक्रम तर्जुमा गरिने भएको मुख्यमन्त्री चेतनारायण आचार्यले बताउनुभयो । उहाँले छाडा पशुचौपायाको समस्या समाधान गर्न समुदायस्तरमा एकीकृत गौशाला निर्माण गरेर नश्ल सुधार गर्ने र उत्पादन क्षमता बढाउनेसम्मका योजना अघि सारिने जानकारी दिनुभयो ।



कपिलवस्तुको बाणगङ्गा नगरपालिका-८ मधवुनमा रहेको भागीरथी गौ-संरक्षण विकास केन्द्रको आइतबार अनुगमन गर्दै मुख्यमन्त्री आचार्यले छाडा पशुचौपायाको दीर्घकालीन समस्या समाधान गर्ने गरी प्रदेश सरकारले नीति तर्जुमा गर्ने बताउनुभएको हो ।

"उत्पादन दिन छाडेपछि पशुचौपायालाई छाडा छाड्ने समस्या बढ्दो छ, यसरी छाडिएका पशुचौपायाका कारण समुदायमा किसान र स्थानीयलाई हैरानी हुनेलगायत खाद्यान्न, तरकारीबालीमा हानिनोक्सानी गर्ने, सडक दुर्घटना भएको अवस्था पनि छ", उहाँले भन्नुभयो, "समुदायको परिचालन र सक्रियाताबाट छाडा पशुचौपायाको नियन्त्रण गर्न सकिन्छ भन्ने उदाहरण यो गौशालाले दिएको छ ।"

गौशालामा पालिएका पशुचौपायाबाट दूध उत्पादन बढाउन सकिने, गाईको गोबर, पिसाव सङ्कलन गरेर प्राकृतिक मल बनाउन सकिने भएकाले यसखाले परियोजना सञ्चालन गर्न जरुरी रहेको उहाँले बताउनुभयो ।"यहाँहरुले थाल्ने नवीनतम् काममा प्रदेश सरकारले साथ दिन्छ, अहिले यहाँहरुले उठाएको सिँचाइ र खानेपानीको समस्या समाधान गर्न आगामी वर्षको बजेट निर्माण गर्दा ध्यान दिन्छौँ", उहाँले भन्नुभयो, "समुदायको सक्रियताबाट नै रचनात्मक कामहरु गर्न सकिन्छ, प्रदेश सरकारले समुदाय परिचालनमा जोड दिएको छ ।"

लुम्बिनी प्रदेशका तराईका जिल्लामा छाडा पशुचौपायाको समस्या बढ्दो छ । हरेक जिल्लामा गौशाला निर्माण गरिएका छन् । ती गौशालाको संरक्षण र विकास गर्दै छाडा पशु चौपायालाई पनि उत्पादनसँग जोड्ने गरी प्रदेश सरकारले कार्यक्रम बनाउने तयारी गरेको हो । गौशालामा पालिएका गाईलाई पानी खुवाउन र भएको जमिनमा सिँचाइ गर्न असुविधा भएको भन्दै बजेट विनियोजन गर्न भागीरथी गौ-संरक्षण विकास केन्द्रका अध्यक्ष चक्रबहादुर भण्डारीले अनुरोध गर्नुभएको थियो । हाल गौशालामा करिब एक सय ५० गाई, गोरु, बाच्छाबाच्छी पालिएका छन् ।रासस

# ढुक्क हुनुहोस्, सरकार दायाँबायाँ हुँदैनः सञ्चारमन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकार राजनीतिक स्थायित्वका साथै सङ्घीयताको सबलीकरणका लागि आवश्यक सुधारमा कटिबद्ध भएर लागिरहेको बताउनुभएको छ ।

काठमाडौँमा आइतबार आयोजित बाह्रखरी कथा प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रममा उहाँले विगतमा देखिएका समस्या र चुनौतीहरूको व्यवस्थापन, राजीतिक परिस्थितिलाई सम्हाल्दै सरकार अगाडि बढिरहेको बताउनुभयो ।




मन्त्री गुरुङले वर्तमान गठबन्धन सरकार देशलाई नयाँ दिशा दिने गरी नीतिगत सुधारदेखि संस्थागत व्यवस्थापनका काममा कटिबद्ध भए लागिरहेको बताउनुभयो । "यो स्थायी सरकार हो । धेरैले यसको दीर्घायुको बारेमा विभिन्न कुरा गरिरहेको सुन्छु तर ढुक्क हुनुहोस्, यो सरकार दायाँबाँया हुँदैन । देशलाई नयाँ दिशा दिएरै छोड्छ", उहाँले भन्नुभयो,"राज्यको पुराना नीति परिमार्जन, डिजिटल माध्यमबाट तीन वर्षमा करिब तीन लाख युवालाई रोजगारी, सङ्घीयतालाई मसिनो ढङ्गले विस्तार, वन, प्रहरी, निजामती सेवालगायत ऐनलाई आवश्यक परिमार्जन गर्ने काममा सरकार लागिरहेको छ ।"

मन्त्री गुरुङले विकासका लागि तीन खर्ब मात्रै बजेट छुट्याइएको अवस्थामा पनि पुँजीगत खर्च गर्न नसक्नु विडम्बना भन्दै अब सरकारले खर्चमा जोड दिने र त्यसका लागि नीतिगत र कानुनी सुधार गरिनेसमेत बताउनुभयो ।रासस

# 'प्राविधिक शिक्षाले मात्रै बेरोजगारी समस्या समाधान हुन्छ'




विराटनगर । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले प्राविधिक शिक्षाले मात्रै बेरोजगारी समस्या समाधान हुने बताउनुभएको छ ।

महानगर बहुप्राविधिक शिक्षालय विराटनगरबाट डिप्लोमा र प्रि-डिप्लोमा गरेका विद्यार्थीको बिदाइ समारोहलाई आइतबार सम्बोधन गर्दै प्रमुख कोइरालाले प्राविधिक शिक्षालाई प्राथमिकतामा नराखेसम्म बेरोजगारी समस्या समाधान नहुने बताउनुभयो ।

महानगरपालिकाले प्राविधिक शिक्षालाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको उहाँको भनाइ थियो । "कम्प्युटर इञ्जिनिरिङ, आइटी र विश्वबजारमा के माग भइरहेछ, त्यसअनुसारको शिक्षा दिनसकेमा कोही पनि बेरोजगार बस्नु पर्दैन", उहाँले भन्नुभयो, "आइटीसम्बन्धी राम्रो ज्ञान भएका व्यक्तिले घरमै बसेर पनि राम्रो कमाइ गर्न सक्नेछ ।" अहिले पनि धेरै युवाले नेपालमै बसेर विदेशको काम गरिरहेको उहाँले बताउनुभयो ।

गत आर्थिक वर्ष रु ६४ अर्बभन्दा बढी आइटी क्षेत्रबाट विदेशी मुद्रा नेपाल भित्रिएको प्रमुख कोइरालाले जनाउँदै भन्नुभयो, "अहिलेको शिक्षण पद्धतिबाट माथि उठ्नुपर्छ ।" कार्यक्रममा वडा नं २ का अध्यक्ष कुमार पोखरेल, शिक्षालयका प्राचार्य प्ररिवेश पराजुली, महेन्द्र रात्रि माविका प्रधानाध्यापक झङ्क पराजुली, शिक्षक प्रह्लाद भट्ट, अरुणकुमार कर्णलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । आर्टिटेक्चर, सिभिल इञ्जिनियरिङ, इलेक्ट्रिक इञ्जिनियरिङ, जियोमेक्ट्रिक इञ्जिनियरिङलगायत पठनपाठन हुने महानगर बहुप्राविधिक शिक्षालयमा डिप्लोमा र प्रि-डिप्लो पूरा गरी ८० विद्यार्थीको बिदाइ गरिएको थियो ।रासस

# एफबीआईको नेतृत्व काश पटेललाई दिने अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पको घोषणा

एएफपी

वासिङ्टन । अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना विश्वासपात्र काश पटेललाई सङ्घीय अनुसन्धान विभाग (एफबिआई) को नयाँ निर्देशक बनाउने लक्ष्य राखेको बताउनुभएको छ । ट्रम्पले ब्यूरोका वर्तमान् गतिविधिको आलोचना गर्दै आउनुभएका र तथाकथित सरकारी 'डिप स्टेट' को बारेमा आलोचक आफ्ना पूर्व सल्लाहकारसमेत रहेका पेन्टागनका अधिकारीलाई एफबिआई निर्देशक बनाउन लागेको उहाँको आफ्नै लगानीको सामाजिक सञ्जाल, ट्रुथ सोशल नेटवर्कमा उल्लेख गर्नुभएको छ ।



एफबीआईका वर्तमान निर्देशक क्रिस्टोफर रेलाई सन् २०१७ मा १० वर्षे कार्यकालका लागि नियुक्त गरिएको थियो ।ट्रम्पले नियुक्त गरेका रेको नेतृत्वमा एफबीआईले राष्ट्रपति निर्वाचित ट्रम्पमाथि समेत अनुसन्धान गरेको छ ।ट्रम्पले ट्रुथ सोसलमा लेख्नुभएको छ, "काश एक प्रतिभाशाली वकिल, अन्वेषक र 'अमेरिका फर्स्ट' अभियानका अभियान्ता हुनुहुन्छ । उहाँले आफ्नो सेवालाई भ्रष्टाचारको पर्दाफास गर्न, न्यायका लागि र अमेरिकी जनताको रक्षा गने कार्यमा लगानी गर्नुभएको छ ।"

आगामी राष्ट्रपतिका कट्टर समर्थक पटेलले ट्रम्पलाई पर्दा पछाडिबाट दबाउने काम गर्ने कथित पक्षपाती सरकारी नोकरशाहहरूको ट्रम्प विरोधी 'डिप स्टेट' को रिपब्लिकन कट्टरपन्थी धारणालाई समर्थन गर्नुहुन्छ र यस बिषयमा एउटा पुस्तक समेत लेख्नुभएको छ । भारतीय मुलका एक परिवारका सन्तान पटेलले ट्रम्पको पहिलो कार्यकालमा राष्ट्रिय सुरक्षा सल्लाहकार र कार्यवाहक रक्षामन्त्रीको चिफ अफ स्टाफका रुपमा काम गर्नुभएको थियो ।

**ट्रम्पले नियुक्त गरेका रेको नेतृत्वमा एफबीआईले राष्ट्रपति निर्वाचित ट्रम्पमाथि समेत अनुसन्धान गरेको छ । ट्रम्पले ट्रुथ सोसलमा लेख्नुभएको छ, "काश एक प्रतिभाशाली वकिल, अन्वेषक र "अमेरिका फर्स्ट" अभियानका अभियान्ता हुनुहुन्छ ।**

"काशले मेरो पहिलो कार्यकालमा अविश्वसनीय काम गर्नुभएको छ", ट्रम्पले भन्नुभयो, "उहाँले अमेरिकामा बढ्दो अपराध महामारीको अन्त्य गर्न, आप्रवासी आपराधिक गिरोहलाई ध्वस्त पार्न र सीमापार मानव र लागूपदार्थ तस्करीको दुष्ट अभिशाप रोक्नका लागि काम गर्नुहुनेछ ।"

ट्रम्पले एफबीआईका पूर्व निर्देशक जेम्स कोमीलाई बर्खास्त गरेपछि कार्यवाहक निर्देशकको स्थानमा ट्रम्पले आफ्नो पहिलो कार्यकालमा रेलाई नियुक्त गर्नुभएको थियो । पूर्वराष्ट्रपति ट्रम्पको रूससँगको विस्तृत सम्बन्धबारे कोमीको नेतृत्वमा एफबीआईले गरेको अनुसन्धानबाट ट्रम्पलाई कोमीविरूद्ध आक्रोशित बनाएको थियो । रेको नेतृत्वमा एफबीआईले ट्रम्पस्वयंले सन् २०२२ मा उनको 'मार-ए-लागो एस्टेट'मा गैरकानुनी रूपमा गोप्य कागजात राखेको आरोपमा अनुसन्धान गरेको थियो ।

ट्रम्पले सन् २०२१ को जनवरी ६ मा अमेरिकी संसद भवनमा हिंसात्मक आक्रमण गर्ने आफ्ना सयौं समर्थकको अनुसन्धानसहित ब्युरोको अनुसन्धानको लामो समयदेखि विरोध गर्दै आउनुभएको छ । सीएनएनलाई दिएको बयानमा एफबीआईले भनेको छ, "रेको ध्यान एफबीआईका पुरुष र महिला, हामीसँग काम गर्ने व्यक्ति र हामीले काम गर्ने व्यक्तिहरूमा केन्द्रित भएको छ ।"

ट्रम्पले फ्लोरिडाका शेरिफ चाड क्रोनिस्टरलाई ड्रग इन्फोर्समेन्ट एडमिनिस्ट्रेसन (डीईए) को प्रशासकमा मनोनीत गर्नुभएको छ । उहाँले ट्रुथ सोसलमा लेख्नुभएको छ, "चाडले हाम्रा महान् महान्यायाधिवक्ता पाम बोन्डीसँग सीमा सुरक्षित गर्न, फेन्टानिल र अन्य अवैध लागूपदार्थको प्रवाह रोक्न र अमेरिकी नागरिकको जीवनको सुरक्षाका लागि काम गर्नुहुनेछ ।

ट्रम्पका कट्टर सहयोगी तथा फ्लोरिडाका पूर्व महान्यायाधिवक्ता बोन्डी न्याय विभागको नेतृत्वका लागि अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पको छनौट हुनुहुन्छ । एफबीआई न्याय विभागको अनुसन्धान शाखा हो भने डीईए पनि यसको क्षेत्राधिकारभित्र पर्छ ।

# नेत्रहीन विश्वकप क्रिकेट: सेमिफाइनलमा नेपाल पाकिस्तानसँग पराजित



काठमाण्डु । नेत्रहीन टि-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तानसँग पराजित भएको छ । पाकिस्तानको मुल्तान क्रिकेट रङ्गशालामा आइतबार भएको पहिलो सेमिफाइनल खेलमा नेपाल पाकिस्तानसँग १० विकेटले पराजित भएको हो । यस हारसँगै नेपालको फाइन खेल्ने सपना समाप्त भएको छ ।

नेपालले दिएको ९५ रनको सामान्य लक्ष्य पाकिस्तानले पाँच दशमलव तीन ओभरमा कुनै विकेट नगुमाई पूरा गर्यो । विभिन्न छ देश सहभागी विश्वकपको लिग चरणबाट चौथो स्थानमा रहँदै नेपालले सेमिफाइनलको यात्रा तय गरेको थियो । लिग चरणको खेलमा पनि नेपाल पाकिस्तानसँग समान १० विकेटले पराजित भएको थियो ।

त्यसैगरी नेपाल श्रीलङ्कासँग ७० र बङ्गलादेशसँग ६७ रनले पराजित भएको थियो भने अफगानिस्तालाई एक सय आठ र दक्षिण अफ्रिकाकालाई ११ रनले हराएको थियो ।

आइतबारको जितमा पाकिस्तानका लागि कम्रन अख्तरले सर्वाधिक ६३ रनको योगदान दिए । उनले २१ बलमा १२ चौका र एक छक्काको मद्दतले सर्वाधिक ६३ रन बनाएका हुन् । यसैगरी बाबर अली ३२ रनमा अविजित रहे ।

त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै ९४ रनको योगफल तयार पारेको थियो ।

नेपालका लागि दुर्गादत्त पौडेलले सर्वाधिक ४० र रमेश बानियाँले अविजित १७ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । पाकिस्तानका लागि माती उल्लाहले तीन र बाबर मुनरिले एक विकेट लिए ।रासस

# अलेप्पो शहर पहिलो पटक सिरिया सरकारको नियन्त्रणभन्दा बाहिर

एएफपी

बेरुत । सिरियाको दोस्रो शहर अलेप्पो राष्ट्रपति बसर अल असदको सरकारको नियन्त्रणमा नरहेको बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्थाले आइतबार जनाएको छ । "हयात तहरीर अल-शाम र सहयोगी विद्रोही समूहहरूले कुर्दिश सेनाद्वारा नियन्त्रित छिमेकहरू बाहेक 'अलेप्पो शहरलाई नियन्त्रण गरेका छन्," युद्ध अनुगमनकारी संस्था, सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले जारी एक विज्ञप्तिमा भनिएको छ ।



"सन् २०११ मा द्वन्द्व सुरु भएयता पहिलो पटक अलेप्पो सहर सिरियाली सरकारी सेनाको नियन्त्रणबाहिर पुगेको हो," संस्थाका प्रमुख रामी अब्देल रहमानले एएफपीसँग बताउनुभयो । सिरियाली सेनाले विद्रोहीहरू अलेप्पोको 'ठूलो भागमा' प्रवेश गरेको स्वीकार गर्दै 'सरकार पक्षधर सशस्त्र बलका दर्जनौं व्यक्ति मारिएको र अन्य घाइते भएको' बताएको छ ।

दुई महिना लामो युद्धपछि इजरायल र इरान समर्थित हिजबुल्लाह समूहबीच छिमेकी लेबनानमा युद्धविराम लागू भएकै दिन बुधबारदेखि लडाकुहरूले इरानी र रूसी समर्थित सिरियाली सरकारका सेनाविरुद्ध व्यापक आक्रमण सुरू गरेका थिए । सिरियाली सेनाले 'सशस्त्र आतङ्कवादी सङ्गठनहरू'ले ' अलेप्पो र इदलिब मोर्चामा विभिन्न कोणबाट व्यापक आक्रमण' गरेको र '१०० किलोमिटर (६० माइल) भन्दा बढी दूरीमा भीषण युद्ध भएको' पुष्टि गरेको छ ।

केही दिनयता भएको झडपमा मृत्यु हुनेको संख्या शनिबारसम्म ३११ पुगेको छ जसमा एचटीएस र सम्बद्ध समूहका १८३ एचटिएस लडाकू र १०० सरकार समर्थित सेनाका साथै २८ सर्वसाधारण रहेका छन् । सिरियामा सन् २०११ मा राष्ट्रपति बशर अल असदको सेनाले प्रजातन्त्र पक्षधर प्रदर्शनमा कडाइ गरेपछि गृहयुद्ध सुरु भएको थियो ।त्यसयता सिरियामा पाँच लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ, लाखौं मानिस विस्थापित भएका छन् र देशको पूर्वाधार र उद्योगधन्दामा व्यापक क्षति पुगेको छ ।

पछिल्ला वर्षहरूमा यो द्वन्द्व जिहादी र असदका सहयोगी रूस, इरान र हिजबुल्लाहलगायत विदेशी शक्तिहरूबीच जटिल युद्धमा परिणत भएको छासेनाले युद्धमा गुमेको अधिकांश भूभागमा पुनः नियन्त्रण कायम गरे पनि जिहादी र उनीहरूका सहयोगीहरू रहेको क्षेत्रमा सन् २०२० देखि युद्धविराम शुरू भएको थियो ।

# इयूका नयाँ पदाधिकारी किएभ भ्रमणमा

एएफपी

किएभ । युरोपेली सङ्घका नयाँ उच्च कूटनीतिज्ञ काजा कल्लास र युरोपेली परिषद्का प्रमुख एन्टोनियो कोस्टाले जिम्मेवारी सम्हालेको पहिलो दिन इयूको नयाँ नेतृत्वको युक्रेनप्रतिको सद्भाव प्रकट गर्न आइतबार किएभ आइपुग्नुभएको छ ।

"हामी युक्रेनको साथमा छौं भन्ने स्पष्ट सन्देश दिन आएका हौं र हामीले आफ्नो पूर्ण समर्थन जारी राख्नेछौं," कोस्टाले पत्रकारसँगको कुराकानीमा भन्नुभयो । युरोपेली सङ्घको नयाँ नेतृत्व टोलीले युक्रेनका लागि खतरनाक क्षणमा किएभलाई समर्थन गर्न दृढ रहेको देखाउन चाहेको छ।



जनवरीमा डोनाल्ड ट्रम्पले पदभार ग्रहण गरेपछि अमेरिकी समर्थनको भविष्यलाई लिएर प्रश्नहरू उठिरहेका छन् र उहाँले छिटो शान्ति सम्झौताको खोजीमा किएभलाई दवाव दिनसक्ने चिन्ता यूरोपेली अधिकारीहरूको रहेको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत महिना युक्रेनी राजधानीमा रहेका सरकारी भवनमा आफ्नो नयाँ ओरेश्निक क्षेप्यास्त्र प्रहार गर्ने चेतावनी दिएपछि अमेरिकालगायतका युक्रेनका सहयोगी यूरोपेली राष्ट्रहरूले युक्रेनप्रतिको समर्थन जारी रहने आश्वासन दिएका छन् ।

किएभले अमेरिकी र बेलायती क्षेप्यास्त्रले रूसभित्र आक्रमण गर्ने अनुमति पाएको प्रतिक्रियास्वरुप यो कदम चालेको र हतियार आपूर्ति गर्ने देशहरूविरुद्ध जवाफी हमला गर्ने चेतावनी दिएको रूसी नेता पुटिनले बताउनुभएको थियो । जाडो याम सुरु भएसँगै रूसले युक्रेनको विद्युत ग्रिडमाथि व्यापक आक्रमण पनि गरेको छ र अग्रपङ्क्तिमा रहेको किएभको थकित सेनाले मस्कोको निरन्तरको आक्रमणका कारण आधार गुमाइरहेका छन् ।

इस्टोनियाका पूर्व प्रधानमन्त्रीसमेत रहनुभएका इयूका उच्च कूटनीतिज्ञ कल्लासले भन्नुभयो, "युक्रेनको अवस्था अत्यन्त गम्भीर छ । तर यसो गर्नु रूसको लागि पनि धेरै उच्च लागत पर्नेछ ।युरोपेली आयोगका प्रमुख उर्सुला भोन डेर लेयेनसहित युरोपेली सङ्घका शीर्ष अधिकारीले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग वार्ता गर्ने कार्यक्रम तय भएको छ ।

जेलेन्स्कीले शुक्रबार सम्भावित शान्ति वार्ताअघि आफ्नो अडान सार्वजनिक गर्न थालेको देखिन्छ ।उहाँले नेटोलाई 'युद्धको आक्रामक चरण रोक्न' किएभद्वारा नियन्त्रित युक्रेनका केही भागहरूमा सुनिश्चित गरिएको सुरक्षा प्रदान गर्न र त्यसपछि मात्र रूसद्वारा कब्जा गरिएको अन्य क्षेत्रहरू फिर्ता लिने अभियानलाई बढाइने व्यवस्था मिलाउन आह्वान गर्नुभयो ।

जेलेन्स्कीले बेलायतको स्काई न्यूजसँगको अन्तवार्तामा भन्नुभएको थियो, "यदि हामी युद्धविरामको कुरा गर्छौं भने पुटिन पुनः युक्रेन आक्रमणमा फर्कने छैनन् भन्ने ग्यारेन्टी चाहिन्छ। "कल्लासले भन्नुभयो, "सबैभन्दा बलियो सुरक्षा ग्यारेन्टी नेटोको सदस्यता हो।उहाँले भन्नुभयो, "हामीले निश्चित रूपमा यस विषयमा छलफल गर्न आवश्यक छ । यदि युक्रेनले सीमा रेखा कोर्ने निर्णय गर्छ भने पुटिन अघि नआउने गरी हामी कसरी शान्ति कायम गर्न सक्छौं छलफल गर्नु आवश्यक छ।"

रूससँग युद्धमा तानिन सक्ने चेतावनी दिएका सदस्यहरूको एक समूहले विरोध जनाएका कारण नेटोका कूटनीतिज्ञहरूले युक्रेनलाई गठबन्धनको सदस्यता प्रदान गर्ने सम्भावना कमै रहेको बताएका छन ।कल्लासले कुनै पनि युद्धविराम लागू गर्न मद्दत गर्न युरोपेली सेना पठाउने प्रश्नको सन्दर्भमा ईयूले कुनै पनि कुरालाई इन्कार गर्न नहुने बताउनुभयो ।

# फेङ्गल आँधीका कारण दक्षिण भारतमा तीन जनाको मृत्यु

एएफपी

बैङ्लोर । भारतको दक्षिणी तटीय क्षेत्रमा आएको न्यूनस्तरीय चक्रवातजन्य दुर्घटनाका कारण कम्तीमा तीन जनाको मृत्यु भएको छ । आँधीबाट भौतिक संरचनामा व्यापक क्षति भने नभएको अधिकारीहरूले बताएका छन् ।



फेङ्गल नाम दिइएको चक्रवात शनिबार अबेर राति ७० देखि ८० किलोमिटर प्रतिघण्टा (४३-५० माइल प्रतिघण्टा) को गतिमा तमिलनाड राज्यको तटीय क्षेत्रमा अवतरण गरेको थियो ।तमिलनाडुराज्यका विपद् व्यवस्थापन मन्त्री केकेएसएसआर रामचन्द्रनले शनिबार राति चेन्नईमा आएको आँधीका कारण तीन जनाको मृत्यु भएको र उनीहरूको करेन्ट लागेर मृत्यु भएको जानकारी दिनुभयो ।

तर आँधीबाट भएको अन्य क्षति भने 'न्यून' रहेको उहाँले बताउनुभयो । 'द टाइम्स अफ इन्डिया'ले मृतकको संख्या चार रहेको उल्लेख गर्दै आँधीका कारण कतिपय क्षेत्रमा बाढी आएको र रुखहरू ढलेको तर अनुमान गरिएभन्दा कम क्षति भएको उल्लेख गरेको छ ।उत्तरी एटलान्टिक महासागरमा आँधीबेहरी वा उत्तर-पश्चिमी प्रशान्त महासागरमा आँधीबेहरी र आँधीजन्य मौसमी विपत यस क्षेत्रका वस्तीहरूका लागि एक नियमित र घातक जोखिम हो ।

यो आँधी आइतबारपछि बिस्तारै कमजोर हुँदै जाने अनुमान गरिएको छ भने भारतको मौसम विज्ञान विभागले भारतको दक्षिणी क्षेत्रमा भारी वर्षा हुने चेतावनी दिएको छ ।

विभागले आँधीको जोखिम रहँदासम्म समूद्रमा माछा मार्ने वा अन्य गतिविधिबाट टाढा रहन स्थानीयलाई सुझाव दिएको छ भने केही क्षेत्रमा "मध्यमदेखि उच्च बाढीको जोखिमको' रहेको बताएको छाफेङ्गलले यसै साताको सुरुमा श्रीलङ्काको समुद्री तटमा अवतरण हुँदा छ बालबालिकासहित कम्तीमा १२ जनाको मृत्यु भएको थियो ।

जीवाश्म ईन्धनको प्रयोगले हुने जलवायु परिवर्तनका कारण विश्वव्यापी तापमान वृद्धिसँगै शक्तिशाली आँधीबेहरीजन्य विपत् अझ बढ्न थालेको वैज्ञानिकहरूले चेतावनी दिएका छन् ।समुद्रको तातो सतहले अधिक जलवाष्प छोड्छ, जसले आँधीबेहरीलाई अतिरिक्त ऊर्जा प्रदान गर्दछ र शक्तिशाली हावाहुरीमा परिणत गर्छ ।

# ओपनएआईलाई नाफामुलक उद्यममा परिणत हुनबाट रोक्न मस्कको आग्रह

एएफपी

वासिङ्टन । एलन मस्कले च्याटजीपीटी निर्माता कम्पनी ओपनएआईलाई नाफामूलक उद्यममा परिणत हुनबाट रोक्न अमेरिकी अदालतसमक्ष पुनः आग्रह गर्नुभएको छ ।

उहाँ र उहाँको एआई स्टार्टअप एक्सएआईको प्रतिनिधित्व गर्ने वकिलहरूल उक्त निवेदन अदालतसमक्ष शुक्रबार दायर गरेको वित्तीय समाचार साइटले जनाएको छ ।निवेदनले ओपनएआईलाई यसका लगानीकर्ताहरूलाई प्रतिस्पर्धी कम्पनीमा लगानी गर्न रोक्न पनि अनुरोध गरेको छासन् २०१५ मा समूहको सह-स्थापना गरेका ओपनएआई र मस्कबीचको व्यापार विवादका रूपमा यो पछिल्लो घटनाक्रमको विकास भएको हो ।




आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को बढ्दो क्षेत्रमा लोकप्रियता कमाएको ओपनएआईले हालैका वर्षहरूमा यसको भूमिका आकाशिएको देखेको छ ।मस्कले ओपनएआईले आफ्ना लगानीकर्ताहरूलाई प्रतिद्वन्द्वीहरूबीच लगानी गर्नबाट रोक्छ, जसले अरबौं डलर जोखिममा रहेको क्षेत्रमा आफ्नो शुरूवातलाई हानि पुर्याउने आरोप लगाउनुभएको छ ।

ओपनएआई एक गैर-लाभकारीको रूपमा स्थापित भएको थियो र त्यसपछि 'क्याप्ड' लाभकारी उद्यममा स्विच गरिएको छायो हाल एक लाभकारी सार्वजनिक लाभ निगम बन्न खोज्दैछ, जसले अधिक लगानी आकर्षित गर्न सक्छासन् २०१८ मा क्लब छोडेपछि मस्कले सिइओ साम अल्टम्यानको नेतृत्वमा कम्पनीले लिइरहेको नाफामुखी दिशाबाट आफू असहज भएको बताएका थिए ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अनुसन्धानलाई सबैका लागि उपलब्ध गराउने आफ्नो मूल गैरनाफामूलक मिसनलाई तोडेको आरोप लगाउँदै उनले मार्चमा कम्पनीविरुद्ध मुद्दा दायर गर्नुभएको थियो ।

मस्कको मुद्दा, साथै एआईको लागि ओपन सोर्स विकासको उहाँको दावी कम्पनी छोडेपछि ओपनएआईको खोट देख्नुमा मात्र सीमित रहेको ओपनएआईको तर्क छ ।

# पुटिनद्वारा सन् २०२५ देखि २०२७ सम्मका लागि सङ्घीय बजेट अनुमोदन



एएफपी

मस्को ।रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२५ का लागि सङ्घीय बजेट अनुमोदन गर्नुभएको छ । उहाँले सन् २०२६ देखि २०२७ सम्मका लागि तय गरिएको बजेट योजना पनि स्वीकृत गर्नुभएको छ ।

सन् २०२५ मा रूसको राजस्व करिब ३७८.५ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ भने खर्च ४१ ३९० अर्ब डलरभन्दा बढी हुने अनुमान गरिएको छ, जसबाट देशको कुल गार्हस्थ्य उत्पादनको ०.५ प्रतिशत घाटा हुनेछ ।रुसको कुल गार्हस्थ्य उत्पादन सन् २०२५ मा २.०२ ट्रिलियन डलर, २०२६ मा २.१७ ट्रिलियन डलर र २०२७ मा २.३३ ट्रिलियन डलर पुग्ने अनुमान गरिएको छ । सन् २०२५ मा मुद्रास्फीति ४.५ प्रतिशत र त्यसपछिका वर्षहरूमा चार प्रतिशतभन्दा तल रहने अनुमान गरिएको छ ।

बजेटमा उल्लिखित प्रमुख प्राथमिकताहरूमा सामाजिक दायित्वहरू पूरा गर्ने, राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा सुनिश्चित गर्ने, प्राविधिक सम्प्रभुतालाई अगाडि बढाउने र पूर्वाधार विकास गर्ने सामाजिक नीतिहरूको लागि कुल १९७.३ अर्ब डलर, रक्षा र कानून प्रवर्तनको लागि १३१.५ अर्ब डलर र अर्को तीन वर्षमा राष्ट्रिय आर्थिक विकासको लागि १३१.५ अर्ब छुट्याइएको छ ।

## सीताराम विवाहपञ्चमी महोत्सवः

# नगर दर्शन, आज पुष्पवाटिका फुलवारी लिला



**टुडे समाचारदाता**

जनकपुरधाम । प्राचीन मिथिलाकोराजधानीजनकपुरधाममा परम्परा अनुसार विवाह पञ्चमीको साताव्यापी महोत्सव अन्तर्गत आइतबार भगवान श्रीरामको नगर दर्शन सम्पन्न भएको छ ।

प्रत्येक पाँच वर्षको अन्तरालमा विशेष रूपमा भारतको अयोध्या रामजन्मभूमिबाट जन्ती आउने हुँदा उत्साह अझै थपिएको र विशेष व्यवस्था गरिएको जनकपुरधाम जानकी मन्दिरका महन्तका उत्तराधिकारी रामरोशन दास वैष्णले जानकारी दिए ।

उनले भगवान राम र माता सीताको पौराणिक विवाह उत्सवलाई जीवन्त बनाउन जनकपुर धाम अहिले चहलपहल र उत्साहले भरिएको बताए ।

जनकपुरधाका मारवारी सेवा समिति, कलवार कुट्टी, सुडी कुट्टी, रौनियार सेवा समितिले आवासको व्यवस्था गरिएको छ भने सो स्थानका भोजनको व्यवस्था जानकी मन्दिरको तर्फबाट आयोजना हुने महन्तका उत्तराधिकारी रामरोशन दासले बताए ।

आइतबार नगर दर्शनपछि सोमबार पुष्पवाटिका फुलवारी लिला, मंगलबार धनुष यज्ञ र बरात आगमनको स्वागत गरिने छ भने बुधबार तिलकोत्सव, बिहीबार मटकोर महोत्सव, शुक्रबार शुभविवाह महोत्सव र शनिबार रामकलेवा उत्सवको आयोजनापछि साताव्यापी सीताराम विवाह पञ्चमी महोत्सव सम्पन्न हुनेछ ।

जन्तीहरुलाई २३ गते स-सम्मान विदा गरेपछि अयोध्या फर्किने छन् ।

# अस्तित्व संकटापन्न क्याम्पसको खोजी कार्य

**टुडे समाचारदाता**

जनकपुरधाम । शहीदनगर यदुकूहाको सप्तशहीद क्याम्पसको अस्तित्व संकटापन्न भएको भन्दै खोजी कार्य शुरु गरिएको छ ।

धनुषाको शहीदनगरको वडा नम्बर - ३ स्थित सो क्याम्पस केही समयदेखि अस्तित्वविहीन भएको भन्दै स्थानीयवासीले खोजी कार्य शुरु गरेको जनाएका छन् ।

२०२९ साल र ०४६ सालमा शहादत प्राप्त गर्ने कामेश्वर यादव, कुशेश्वर मण्डल ( नयाँ शिक्षाको विकृति विरुद्धको आन्दोलन, आसोज १ गते ), रामनारायण यादव, उदयशंकर मण्डल, जानकी देवी, सोनावती देवी र मुनेश्वरी देवी ( लोकतान्त्रिक आन्दोलन, फागुन ९ गते) शहीद प्रति श्रद्धास्वरुप जनता इकाई उच्च माध्यमिक विद्यालयमा सञ्चालन गरिएकोमा केही वर्षदेखि अस्तित्व संकटापन्न भएको स्थानीयवासीको भनाइ छ ।

२०६७ सालमा सञ्चालन र ०७० सालमा त्रिभुवन विद्यालयबाट सम्बद्धन प्राप्त गरेको सो क्याम्पसमा शिक्षा विषयमा बी.एड.को कक्षा शुरु गरिएको थियो ।

केही वर्षदेखि जनता उच्च माध्यमिक विद्यालय कक्षा सञ्चालन नभइ क्याम्पस नै हराएझै भएको चर्चा परिचर्चा, चिन्तालाई ध्यानमा राखी खोजी कार्यलाई तीव्रता दिइने कुरामा स्थानीयवासी अग्रसर भएका छन् ।

क्याम्पस प्रमुख श्रीनारायण यादवको दायित्व विमुखता र खेलबाडमूलक गतिविधिका कारण क्याम्पसको अस्तित्व संकटापन्न भएको तथ्य बैठकले उजागर गरेको छ।



स्थानीय शिक्षा प्रेमी, क्याम्पसका काउन्सिल सदस्य, नागरिक अगुवा, शहीदनगर नगरपालिकाका पदाधिकारी, वडाअध्यक्षको बैठकबाट अस्तित्व संकटापन्न भएको क्याम्पसको खोजी कार्यलाई तीव्रता दिने निर्णयअनुसार खोजी कार्य शुरु गरिएको जनाइएको छ ।

बैठकले खोजी कार्यमा स्थानीय सरकारको प्रमुख भूमिका निर्वाहका लागि आग्रहसँगै क्याम्पस सम्बन्धन दिने त्रिभुवन विश्वविद्यालयले खोजी कार्य र अनुगमन पक्ष सबल बनाउनु पर्नेमा जोड दिएको छ ।

बैठकमा सहभागीहरुका अनुसार क्याम्पस बारे छलफल गर्न क्याम्पस प्रमुखलाई पटक पटक ध्यानाकर्षण, आग्रह गर्दा छलफलबाट पन्छिन खोज्ने प्रवृत्ति व्याप्त छ। क्याम्पस प्रमुख यादवले क्याम्पसलाई आफ्नो घरमा सीमित राखी घरमै विद्यार्थी भर्ना जस्ता गतिविधि गरिरहेको आरोप नागरिक अगुवाहरुको आरोप छ ।

उममेयर सुनिता सिंह, वडा नम्बर ६ का वडाध्यक्ष उमेश निराला , जनता उच्च माध्यमिक विद्यालयका प्राचार्य प्रदीपकुमार साह , काउन्सिल सदस्य सत्यदेव साह , नागरिक अगुवाहरु महादेव हाथी , मुक्ति साह र सत्यनारायण साहको सहभागितामा भएको बैठकमा क्याम्पस प्रमुख यादव अनुपस्थित भइ क्याम्पसको अस्तित्वप्रतिको संकटलाई समाधान गर्ने सवालमा नकारात्मक मनोविज्ञान प्रदर्शन गरेको बेठकका सहभागीहरुले ठहर गरेका छन् ।

क्याम्पस प्रमुख यादवलाई बैठकले ठहरबारे ध्यानाकर्षण गर्दा यी आरोप आक्रोशपूर्ण आवाज मात्र हो , यसमा सत्यता नभएको र क्याम्पसको निजी स्रोत नभएका कारण जनता उच्च माध्यमिक विद्यालयमा क्याम्पस सञ्चालन गर्न नसकेको बताए । क्याम्पसको बोर्ड देखिन्छ तर अध्ययन अध्यापन छैन ।

लक्ष्मी दास क्याम्पस प्रमुख भएको बेलासम्म जनता उच्च माध्यमिक विद्यालयमै क्याम्पस सञ्चालन रहेकोमा दासपछिका क्याम्पस प्रमुखदेखि संकट मडारिदै हालको बेठेगानको अवस्थामा पुगेको क्याम्पस प्रमुख यादवको भनाइ छ।

जनता उच्च माध्यमिक विद्यालयमा ६ देखि १२ कक्षासम्म पढाई हुँदासम्म क्याम्पस सञ्चालनमा कुनै समस्याा नभएको तर नर्सरी कक्षादेखि १२ सम्मको पढाई हुन थालेदेखि क्याम्पसको अध्ययन अध्यापनका लागि कोठाको अभाव, सम्बद्धनको कबुलियत पूरा नगरिएका कारण क्याम्पसको सञ्चालनमा जटिलता रहेको क्याम्पस प्रमुख यादवको बुझाइ छ।

उनले भने- सम्बद्धनको कबुलियत अनुसार क्याम्पसको १ विघा जग्गा भएको परिसर हुनुपर्ने तर क्याम्पसले सो शर्त पूरा गरेको छैन, भौतिक पूर्वाधार छैन, आर्थिक विपन्नता छ, प्राध्यापक र कर्मचारीलाई तलव व्यवस्था हुन सेको छैन ,वी.एड विषयप्रति आकर्षण छैन, यद्यपि क्याम्पस बन्द छैन, मेयर दिनेश प्रसाद यादव र वडाध्यक्ष मनोजकुमार दासद्वारा सकारात्मक पहल भइरहेको छ, क्याम्पसमा ११ औं ब्याचको संलग्नता छ।

कक्षा सञ्चालन नभए पनि घरमै विद्यार्थी भर्ना, दर्ता जस्ता कार्य गर्नु बाध्यता भएको उनले बताए।

सामाजिक अभियन्ता सत्यनारायण साहले क्याम्पस प्रमुख यादवलाई बेठकबारे आफूले नै जानकारी गराए पनि क्याम्पस प्रमुखद्वारा बैठकलाई महत्व नदिइ अन्यत्र जानु गैरजिम्मेवारीपन भएको बताए।

जनता उच्च माध्यमिक विद्यालय व्यवस्थापन पक्ष अहिले पनि क्याम्पस सञ्चालनका लागि तयार रहेको अवस्थामा कक्षा कोठाको अभाव भन्दै क्याम्पसलाई घरमा सीमित गर्नु सबैको सरोकारको विषय भएको उनले स्पष्ट गरे।

क्याम्पसको अस्तित्व संकटापन्न भएको बारे वृहत अभियान सञ्चालन गरी यसको अस्तित्वलाई जीवन्त तुल्याउने सवाललाई गम्भीरतापूर्वक लिइ खोजी कार्यमा सबैको संलग्नताको अपरिहार्यतालाई बैठकले जोड दिएको जनाइएको छ।

# मटिहानीमा जन्तीको स्वागत गरिँदै

**टुडे समाचारदाता**

जनकपुरधाम।प्राचीनमिथिलाको राजधानी जनकपुरधाममा शुरु भएको सीताराम विवाहपञ्चमी महोत्सवमा भारतको अयोध्याबाट आउने जन्तीका लागि नेपालको मुख्य प्रवेश मार्ग मटिहानीमा स्वागतको तयारी पूरा भएको छ ।

मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलले आइतबार मटिहानीमा अयोध्याबाट आउने जन्ती स्वागतका लागि तयारी पूरा भएको जानकारी दिए । भारतको अयोध्याबाट मंसिर १७ गते जन्ती नेपाली भूमिको मटिहानीमा प्रवेश गर्ने कार्यक्रम रहेको छ । यसका लागि मटिहानी नगरपालिकाले स्वागतसहित रात्रीकालीन विश्रामसहितको व्यवस्थापन गरिएको छ।

मेयर मण्डलले करिब चार सयको संख्यामा जन्ती आएको र सोही अनुसार स्वागत, खानपान तथा विश्रामको व्यवस्थापन गरिएको बताए । उनले नेपालको भूमिमा हुने आतिथ्यता देखाउने गरी स्वागतलाई भव्य बनाउन नगरपालिकाले कुनै कसर बाँकी नराखेको बताए ।



उनले मटिहानीमा रहेको तीन वटा होटलमा जन्तीको रूपमा आउनुहुने मुख्य अतिथि तथा वरिष्ठ व्यक्तित्वहरूलाई राखिने तथा अन्य जन्तीहरूलाई मटिहानीमा रहेको राजकीय संस्कृत माध्यमिक विद्यालय तथा वैष्णव सम्प्रदायको मुख्य मठको रूपमा रहेको मटिहानी स्थित लक्ष्मीनारायण मठमा भोजन र रात्री विश्रामको व्यवस्थापन गरिएको बताए ।

मेयर मण्डलले भने, "मटिहानीमा रहेको मटिहानी होटल, अप्सरा होटलमा जन्तीको रूपमा आउने भिआइपीहरूलाई राखिने छ । अन्य जन्तीलाई संस्कृत विद्यालय, मठलगायतकाहरुमा व्यवस्थापन गरिएको छ ।"

सोमबार राति ९ बजे नेपालको भूमि अर्थात् मटिहानी प्रवेश गर्ने जन्तीलाई छोटी भन्सार नजिकै मेयर मण्डलसहित मटिहानी मठका महन्त जगन्नाथ दास शास्त्री तथा सुरक्षा निकायका प्रमुखहरूले स्वागत गर्नेछन्।स्वागतपश्चात् बाजागाजा र आतिशवाजीसहित जन्तीलाई लक्ष्मीनारायण मठ ल्याइने र त्यहाँ लक्ष्मी नारायणको विधिवत् पूजापाठ तथा लक्ष्मीनारायण सरमा आरतीमा जन्तीहरूलाई सहभागी गराइने छ ।

स्वागत र पूजापाठपश्चात् लक्ष्मीनारायण मठमै मिथिलाञ्चलमा अतिथिलाई स्वागतका लागि प्रयोग गरिने खाना खुवाइने मेयर मण्डलले बताए ।

उनले रात्रीविश्रामपश्चात मंसिर १८ गते मंगलबार बिहानै सभा आयोजना गरिने र त्यहाँ चिया र खाजासहित जन्तीहरूलाई बाजागाजासहित जनकपुरधामको लागि बिदाइ गरिने कार्यक्रम मटिहानीमा रहेको छ । जन्तीको स्वागतका लागि मटिहानीमा करिब दुई दर्जनभन्दा बढी स्वागतद्वार बनाइएको छ भने सोमबार जन्तीको स्वागतमा मटिहानीमा दीपावली समेत गरिनेछ ।

जनकपुरधाममा हुने सीताराम विवाहपञ्चमी समारोहमा सहभागी हुनका लागि हरेक पाँच/पाँच वर्षमा अयोध्याबाट जन्तीहरू आउने परम्परा अनुरूप यस वर्ष पनि जन्ती आउनेछ । जनकपुरधाममा मंसिर २१ गते हुने विवाहपञ्चमीका लागि भारतको अयोध्याबाट जन्ती नेपालको मटिहानी, जलेश्वर, पिपरा हुँदै जनकपुरधाम पुग्ने कार्यक्रम रहेको छ।

त्यस्तै मंसिर १८ गते जलेश्वरमारहेकोप्रसिद्धजलेश्वरनाथ महादेव मन्दिरमा पुजापाठपश्चात जन्तीहरूको भोजन जिल्लाको पिपरा पालिकामा हुने कार्यक्रम रहेको छ।

# मधेशको विकास एमालेले गर्ने नेताको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमाले मधेश प्रदेश कमिटीका सचिव मनोज पौडेलले मधेशको विकास नेकपा एमाले नेतृत्वको सरकारको पालामा भएको औंल्याएका छन् ।

नेकपा एमाले जीतपुरसिमरा उपमहानगरपालिका ३ नम्बर वडा कमिटीको विस्तारित बैठकमा बोल्दै उनले मधेशको विकास एमालेले नै गर्ने दाबी गर्ने बताएका छन् ।

उनले हुलाकी मार्ग निर्माणको काम, मधेशका सदरमुकामसँग जोड्ने सडक चार लेनको बनाउने, सिचाई लगायतका योजनामा एमालेले बजेट विनियोजन गरेको र त्यसै अनुरुप काम अगाडि बढेको बताए ।

उनले एमाले बाहेक अरुले जनताको पक्षमा कामै गर्न नसक्ने भएकोले एमाले र एमालेका अध्यक्षका केपी शर्माका विरुद्धमा मिडिया ट्रायल भएको जिकिर गरे ।

सचिव पौडेलले एमाले र



एमालेका अध्यक्ष केपी ओलीमाथि चौतर्फी घेराबन्दी भएको र त्यो घेराबन्दीलाई तोडेर अगाडि बढ्न पार्टी कार्यकर्तालाई निर्देशन दिए। उनले एमालेमाथि विपक्षीहरुले लगाउने गरेका आरोपहरु सबै झुठा भएको भन्दै सोबारे प्रचारप्रसार गर्न निर्देशन समेत दिए।

कार्यक्रममा बोल्दै प्रदेश सभा सदस्य तथा एमाले मधेश प्रदेश सदस्य देव नारायण चौधरीले आफू निर्वाचित भएको यश क्षेत्रमा पूर्वाधारका नयाँ योजना अघि बढाएको बताएका छन् । त्यस्तै मधेश प्रदेश सदस्य सुन्दर विश्वकर्मा, जिल्ला सचिवालय सदस्य तथा उपमेयर भोला प्रसाद अधिकारी जिल्ला सचिवालय सदस्य कृष्ण खनाल, पूर्व जिल्ला कमिटी सदस्य अमृतलाल श्रेष्ठ,जिल्ला कमिटी सदस्यहरू रमेश खरेल, आरिफ हुसैन, आदिबासी जनजाति महासंघका जिल्ला कमिटी सचिव जयकिशोर चौधरी,नगर कमिटी सचिव रत्न उप्रेती, नगरकमिटी उपसचिव त्रिलोक बिक्रम लगायतकाले बोलेका थिए।

# खाल्डोमा जमेको पानीमा डुबेर महिलाको मृत्यु



**टुडे समाचारदाता**

लहान । सिरहाको मिर्चैयामा खनेको खाल्डोमा जमेको पानीमा एक महिलाको डुबेर मृत्यु भएको छ । मिर्चैया नगरपालिका-५ स्थित बजारमा नालाका लागि खनेर अलपत्र छाडिएको खाल्डोमा जमेको पानीमा डुबेर एक महिलाको मृत्यु भएको छ। खाल्डोमा परेर स्थानीय २५ वर्षीया रोजिनादेवी महतोको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ।

आइतबार बिहान पौने ९ बजेको समयमा हातेकलमा पानी लिएर फर्किने क्रममा चिप्लिएर उनी छेउमै रहेको खाल्डोमा लडेकी थिइन्। पानीमा डुबिरहेको देखेपछि आफन्त र स्थानीयले मिर्चैया अस्पताल लगेकोमा चिकित्सकले उनलाई मृत घोषणा गरेको सिरहा प्रहरीले जनाएको छ।

मृतक महिलाको शव पोस्टमार्टमका लागि लहानस्थित प्रादेशिक अस्पताल पठाउने तयारी भइरहेको इलाका प्रहरी कार्यालय, मिर्चैयाका प्रहरी नायब उपरीक्षक पञ्चकुमार बाखुले जानकारी दिए।

# रासायनिक मलका लागि किसानहरु भौंतारिदैं

**टुडे समाचारदाता**

वीरगञ्ज। वर्षेबाली धानपछि गहुँवालीमा व्यस्त रहने किसानहरु अचेल रासायनिक मलका लागि भौंतारिन थालेका छन् ।

गहुँबाली छर्ने बेला रासायनिक मलका लागि किसानहरु बजार बजार भौंतारिनु परेको गुनासो किसानहरु गर्न थालेका छन्। गहुँबालीका लागि किसानहरु डिएपी, यूरिया र पोटास रासायनिक मलको आभाव झेल्नु परेको बताउँछन् । गहुँ छर्ने समयमा साढे दुई किलो डिएपी, यूरिया र पोटास डेढ-डेढ किलोग्राम प्रति कट्ठाको दरमा न्यूनतम मलको आवश्यकता पर्ने किसानको भनाइ छ।

पटेर्वासुगौली गाउँपालिका वडा नं.-२ का किसान बिगा महरा चमारले गहुँ छर्ने समय भइसकेको र आवश्यकता अनुसारका अन्य सामग्रीहरुको व्यवस्थापन भइसकेपनि रासायनिक मलको अभावका कारण काम रोकिएको गुनासो गरे । स्थानीय कृषि सहकारी संस्थामा मल नपाएका कारणले अन्य बजारमा मल खरिदका लागि धाई रहेको भएपनि रासायनिक मल नपाएको उनको गुनासो छ।



त्यस्तै जिराभवानी गाँउपालिका वडा नं.- ३ स्थित नौकाटोलाका राजकपूर रायका अनुसार रासायनिक मलको अभावका कारण किसानहरु बिचलित भएको बताए । किसानसँग रकम हुदा हुदै समयमा मल नपाउनु तीनै तहका सरकारका गैरजिम्मेवार कार्य रहेको बताए।

मुलुकलाई कृषि प्रधान देश भनिन्छ तर किसानहरूला आवश्यकता परेका बेला मल, बिऊबीजन उपलब्ध गराउन नसक्नु सरकारले आम नागरिकको हकहितमा काम नगरी व्यक्तिगत स्वार्थका लागि काम गरिरहेको रायले आरोप लगाए।

साल्ट ट्रेडिङ्ग कम्पनी र कृषि सामग्री संस्थानले माग बमोजिम मल नदिएका कारण किसानहरुलाई मल उपल्बध गराउन नसकिएको स्थानीय कृषि सहकारी संस्थाका संचालकहरु बताउँछन्।

जिराभवानी गाँउपालिका वडा नं.- २ स्थित सेढवामा रहेको मारुतीनन्दन कृषि सहकारी संस्थाका संचालक सत्यनारायण साहले कृषि सामग्री संस्थानले गहुँ छर्ने बेला एक पटकमात्र मल पठाएको हुँदा मल अपुग भएको बताए। यस लटमा कृषि सामग्री कम्पनीले जिराभवानी गाउँपालिकामा एक हजार बोरा यूरिमा र ८ सय तीस बोरा डिएपी मात्र दिएको साहले बताए।

वडाको भागमा एक सय साठी बोरा डिएपी र एक सय नब्बे बोरा यूरिया आएको र सो मल गएको सातामा बितरण गरेको साहले बताए। अब मल कहिले आउने कुनै ठेगान नभएको साहले बताए। यस पटक साल्ट ट्रेडिंग कम्पनी लिमिटेडले अहिलेसम्म मल नदिएको साहले बताए।

नेपाली बजारमा रासायनिक मल पाउन बन्द भएपछि भारतीय बजारबाट मल खरिद गर्न नेपाली किसानहरु बाध्य भएका छन् । किसानहरुले नेपाली बजारभन्दा महँगो मूल्य तिरेर गुणस्तरहिन रासायनिक मल खरिद गर्नु परेको किसानहरुले गुनासो गरे। भारतीय बजारमा किसानहरूले साढे तीन हजारमा डिएपी तथा खरिद गर्नु परेको किसानहरुको भनाइ छ। त्यसमा पनि गुणस्तरमा शंका लाग्ने गरेको किसानको भनाइ छ।

भारतीय बजारमा पोटास प्रति बोरा १८ सयदेखि ३५ सय रुपैयाँ रहेका हुदा सक्कली नक्कली चिन्न गाह्रो हुने किसान बताउँछन्। मल ल्याउदा सीमामा खटेका दुई देशका सुरक्षाकर्मीबाट अपमानित हुनु परेको किसानको भनाइ छ । सिकटा, मैनाटांड, इनरवा र भंगहा लगायतका भारतीय बजारमा मल खरिद गर्न नेपाली किसानहरुको भिड बढेका छन् ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८